मङ्सिर – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क १६ | २०७८, मङ्सिर १६-२९ | पूर्णाङ्क ७०६

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	४२	इजलास नं. ८	२
इजलास नं. २	४	इजलास नं. ९	१
इजलास नं. ३	१	इजलास नं. १०	१
इजलास नं. ४	२	इजलास नं. ११	३
इजलास नं. ५	१६	इजलास नं. १२	१
इजलास नं. ६	९		
इजलास नं. ७	५		
जम्मा	**७९**	**जम्मा**	**८**

कूल जम्मा ७९ + ८ = ८७

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, मङ्सिर – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं. १			**१ – २८**
१.	उत्प्रेषण	नेपाल फर्मास्युटिकल्स ल्याब प्रा.लि., जितपुर, वीरगन्ज वि. श्रम अदालतसमेत	१
२.	उत्प्रेषण	कन्हैया प्रधान वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत	२
३.	बन्दी प्रत्यक्षीकरण	राजनप्रसाद लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	३
४.	कर्तव्य ज्यान	असलमान तामाङसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. वाइवा तामाङ	४
५.	अंश दपोट	रत्नदास महर्जन वि. मंगलदास महर्जनसमेत	६
६.	घरमा आगो लगाई ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. मानबहादुर गिरी	७
७.	डाँका	नेपाल सरकार वि. मिलन राई	७
८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. कृष्णबहादुर कुमाल	८
९.	ठगी	नेपाल सरकार वि. शशिकला घलानसमेत	१०
१०.	जबरजस्ती करणी	नेपाल सरकार वि. फणिन्द्र चौधरी	११
११.	छुट जग्गा दर्ता	कुमार डाँगी वि. मालपोत कार्यालय दाङ	१२
१२.	अदालतको अवहेलना	श्रीप्रसाद शिवाकोटी वि. हरिप्रसाद मैनाली जिल्ला प्रशासन कार्यालय, पोखरा, कास्की	१३
१३.	उत्प्रेषण	महेश्वरप्रसाद र युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवासमेत	१४
१४.	अंश चलन	अशोककुमार मिश्रसमेत वि. सुरेशप्रसाद मिश्र	१५
१५.	उत्प्रेषण	प्रमोदकुमार चौधरी वि. उच्च अदालत पाटन ललितपुरसमेत	१६

१६.	सरकारी सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको	नेपाल सरकार वि. भरतबहादुर बस्नेतसमेत	१७
१७.	बैंकिङ कसुर	बालकृष्ण के.सी. वि. नेपाल सरकार	१७
१८.	जबरजस्ती करणी	नकलाल थारू वि. नेपाल सरकार	१९
१९.	कर्तव्य ज्यान	सीता परियार वि. नेपाल सरकार	२०
२०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रमेश भन्ने हिराबहादुर घर्ती मगर	२१
२१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. गंगाराम चौधरी, विरू भन्ने वीरबहादुर चौधरीसमेत वि. नेपाल सरकार	२२
२२.	कर्तव्य ज्यान	रिदम भन्ने नेत्र गिरी वि. नेपाल सरकार	२३
२३.	घर भत्काई चलन चलाई पाऊँ	मु.स. गर्ने विष्णुभक्त श्रेष्ठ वि. डोरबहादुर घिमिरे, डोरबहादुर घिमिरे वि. लक्ष्मी श्रेष्ठ	२४
२४.	सवारी ज्यान	नेपाल सरकार वि. विज्ञान के.सी.	२५
२५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मुनाल थापा मगर	२७
२६.	बन्दी प्रत्यक्षीकरण	रामकुमार शाह वि. जिल्ला प्रहरी कार्यालय, धनुषा	२७
इजलास नं. २			२८ – ३२
२७.	कर्तव्य ज्यान	विशेश्वर चौधरी वि. नेपाल सरकार, रामेश्वर चौधरी वि. नेपाल सरकार, रविन्द्र चौधरी वि. नेपाल सरकार, विरेन्द्र चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. विशेश्वर चौधरीसमेत	२८
२८.	अंश चलन	तारादेवी खत्री वि. कल्पना खत्री	३०
२९.	कर्तव्य ज्यान	प्रकाश रम्तेल वि. नेपाल सरकार	३१
इजलास नं. ३			३२
३०.	कर्तव्य ज्यान (साधक)	नेपाल सरकर वि. सद्दाम हुसेन नाउ	३२

इजलास नं. ४			**३२ – ३३**
३१.	बन्दी प्रत्यक्षीकरण	हरिबहादुर चन्द वि. महानगरीय प्रहरी वृत्त सिंहदरबार, काठमाडौंसमेत	**३२**
३२.	बन्दी प्रत्यक्षीकरण	मानकुमार राईको हकमा राजेन्द्रप्रसाद कोइराला वि. जिल्ला प्रहरी कार्यालय, सर्लाहीसमेत	**३३**
इजलास नं. ५			**३३ – ३६**
३३.	उत्प्रेषण	प्रा.गीता पाण्डे वि. श्रम अदालतसमेत	**३३**
३४.	मोही नामसारी	टंकबहादुर अधिकारी वि. खुसरामी चौधरीसमेत	**३५**
इजलास नं. ६			**३६ – ४१**
३५.	लागु औषध (अफिम)	दानबहादुर बुढा वि. नेपाल सरकार	**३६**
३६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. लेखनाथ खनालसमेत	**३७**
३७.	कर्तव्य ज्यान	तिलबहादुर रेश्मी वि. नेपाल सरकार, नेपाल सरकार वि. अम्बिसरा रेश्मी	**३८**
३८.	जालसाजी	रून्धुकादेवी कुर्मी वि. विनोदकुमार वर्मासमेत	**४०**
इजलास नं. ७			**४१ – ४७**
३९.	उत्प्रेषण	विनोद शाक्य वि. नेपाल बङ्गलादेश बैंक लिमिटेड, ललितपुर शाखासमेत	**४१**
४०.	लागु औषध (ब्राउन सुगर)	नेपाल सरकार वि. सुमित क्षेत्रीसमेत	**४३**
४१.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. अङ्गतकुमार जोशी	**४४**
४२.	क्षतिपूर्ति तथा हर्जाना भराई पाऊँ	डा.शिवहरी श्रेष्ठ वि. राज एम.एस. एन्ड कम्पनी प्रा.लि., काठमाडौं	**४५**
४३.	उत्प्रेषण	सिल्पा पोखरेल ओझा वि. उच्च अदालत पाटनसमेत	**४६**
इजलास नं. ८			**४७ – ४८**
४४.	निषेधाज्ञा	प्रमोदप्रसाद गुप्ता वि. विनोदप्रसाद गुप्ता	**४७**
४५.	जबरजस्ती करणी	गोविन्दप्रसाद सुवेदी वि. नेपाल सरकार	**४७**

इजलास नं.९			**४८ - ४९**
४६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. प्रशुराम चौधरी	**४८**
इजलास नं.१०			**४९**
४७.	आयकर	आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ बबरमहल वि. श्री एस.टि. फेब्रिक्स प्रा.लि. ज्ञानेश्वर	**४९**
इजलास नं.११			**४९ - ५१**
४८.	मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार वि. काइला भन्ने टेकबहादुर सुनार	**४९**
४९.	घर जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ	तिरथ कोहारसमेत वि. राज्यमतिदेवी कोहार	**५१**
इजलास नं.१२			**५१ - ५२**
५०.	लागु औषध खैरो हेरोइन	नेपाल सरकार वि. दिगम्बर शाहसमेत	**५१**

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७०-WO-०५८०, उत्प्रेषण, नेपाल फर्मास्युटिकल्स ल्याब प्रा.लि., जितपुर, वीरगन्ज वि. श्रम अदालतसमेत*

श्रम ऐन, २०४८ को दफा ४(२) को स्पष्टीकरणमा एक वर्षको अविच्छिन्न सेवा अवधिको अर्थ बाह्र महिनाको अवधिभरमा दुई सय चालिस दिन काम गरेको सम्झनुपर्ने भन्ने उल्लेख गरिएको छ। उक्त २४० दिनको परीक्षणकाल अवधिमा परीक्षणकालमा राखिएको कामदार कर्मचारीको कार्यको मूल्याङ्कन गरी परीक्षणकालबाट हटाउने वा राख्ने भनी निर्णय गरिसक्नुपर्ने भन्ने उक्त कानूनको मनसाय रहेको देखिन्छ । अवधि व्यतीत भएपछि परीक्षणकालमा रहेको व्यक्तिले सफलतापूर्वक परीक्षण पूरा गरेको भन्ने मानिन्छ भनी यस अदालतबाट ने.का.प.२०६४, अङ्क ५, निर्णय नं. ७८४९, टि.आर.भट्टसमेत विरूद्ध श्रम अदालत रहेको मुद्दामा सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी, लक्ष्मीबहादुर श्रेष्ठ विरूद्ध श्रम अदालत रहेको २०५५ सालको रिट नं. ३५०२ को मुद्दामा कामदारले १ वर्षमा २४० दिनभन्दा बढी अविच्छिन्न काम गरेको देखिँदा श्रम ऐनको दफा ४(२) अनुसार स्थायी नियुक्ति दिनुपर्ने भनी उल्लेख गरिएको देखिने।

चिन्तु चौधरीलाई मिति २०६८।०५।०१ मा परीक्षणकालमा नियुक्ति गरी त्यसको ९ महिनाभन्दा बढीको समय व्यतीत भएपछि मात्र परीक्षणकालबाट हटाउने गरी निर्णय गरिएको छ। सो परीक्षणकालको अवधिभित्रै सेवामा हटाउने वा राख्ने सम्बन्धमा निर्णय गरिसक्नुपर्नेमा सो नगरी ९ महिनाभन्दा बढी समय व्यतीत भएपश्चात् मात्र स्थायी नियुक्ति नगरी सेवाबाट हटाउने गरी भएको निर्णयलाई कानूनसम्मत मान्न नमिल्ने।

चिन्तु चौधरीलाई परीक्षणकालको अवधि निरन्तरता गर्न नसक्ने तथा सेवाबाट हटाउने गरी भएको मिति २०६८।०२।१३ को निर्णय बदर हुने गरी श्रम अदालतबाट भएको फैसलामा प्रत्यक्ष कानूनी त्रुटि रहेको भन्ने निवेदन जिकिरतर्फ विचार गरौं। माथि प्रकरणहरूमा उल्लेख भएको आधारबाट निज चिन्तु चौधरी मिति २०६६।१०।१७ देखि नै कम्पनीको कामदारको रूपमा रहिआएको देखिएको छ। साथै, परीक्षणकालको अवधिभित्रै सेवामा हटाउने वा राख्ने सम्बन्धमा निर्णय गरिसक्नुपर्नेमा सो नगरी ९ महिनाभन्दा बढी समय व्यतीत भएपश्चात् मात्र सेवाबाट हटाउने गरी निर्णय भएको हुँदा निजलाई परीक्षणकालमा सेवाबाट हटाइएको मान्न मिल्ने नदेखिने।

परीक्षणकालको अवधि व्यतीत भइसकेपछि सेवाबाट हटाउने निर्णयलाई परीक्षणकालमा हटाएको नभई ऐ.ऐनको दफा ५०(घ) बमोजिम वर्णित सजायको प्रकार नै हो भन्ने न्यायिक अनुमान गर्नुपर्ने हुन आउँछ। यसरी व्यवस्थापकले कार्मचारीलाई ऐ. ऐनको दफा ५० बमोजिम कुनै पनि सजाय गरेकोमा पुनरावेदन गर्ने सम्बन्धमा ऐ.ऐनको दफा ६० मा व्यवस्था गरिएको छ । उक्त दफा ६०(ग) मा "*...व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर सम्बन्धित श्रम अदालतमा पुनरावेदन गर्न सकिने*" भन्ने स्पष्ट व्यवस्था गरेको छ। प्रस्तुत मुद्दामा समेत परीक्षणकालको अवधि व्यतीत भइसकेपछि सेवाबाट हटाउने गरी निर्णय भएको अवस्थामा ऐ.ऐनको दफा ६०(ग) अनुसारको मार्ग अवलम्बन गरिनुपर्ने हुँदा सोहीबमोजिम निज चिन्तु चौधरीले श्रम अदालतमा

पुनरावेदन गरेको देखियो । यस्तो अवस्थामा श्रम अदालतबाट मिति २०७०।०८।२० मा भएको फैसलामा कानूनी त्रुटि रहेको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त प्रकरणहरूमा विवेचित आधार र कारणहरूबाट विपक्षी चिन्तु चौधरीलाई श्रम ऐन, २०४८ को दफा ४(२) को व्यवस्था प्रतिकूल परीक्षणकालको अवधि व्यतीत भइसकेपछि सेवाबाट हटाउने गरी नेपाल फर्मास्युटिकल्स प्रा.लि.बाट मिति २०६८।०२।१३ मा भएको निर्णय बदर गरी बहाली नभएसम्मको तलब भत्ता र अन्य सुविधासमेत पाउने भई पुनर्बहाली हुने ठहऱ्याई मिति २०७०।०८।२० मा श्रम अदालत काठमाडौंबाट भएको फैसला कानूनसम्मत रहेको तथा सो फैसलाबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हक अधिकार हनन नभएको हुँदा रिट निवेदन मागबमोजिमका आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दीपिका थापा मगर

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल चैत्र ११ गते रोज २ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७०-WO-०५८१, उत्प्रेषण, *नेपाल फर्मास्युटिकल्स ल्याब प्रा.लि., जितपुर, वीरगन्ज वि. श्रम अदालतसमेत*
- ०७०-WO-०५८२, उत्प्रेषण, *नेपाल फर्मास्युटिकल्स ल्याब प्रा.लि., जितपुर, वीरगन्ज वि. श्रम अदालतसमेत*

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी, ०७३-WO-०९६९, उत्प्रेषण, कन्हैया प्रधान वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

निवेदक कन्हैया प्रधान तथा विपक्षीमध्येका सुदर्शनप्रसाद प्रधान विमातृतर्फका दाजु भाइ हुन् भन्ने देखियो । मिति २०२२।०३।३१ मा भएको बन्डापत्र हेर्दा काठमाडौं महानगरपालिका वडा नं. २२ कित्ता नं. ७२ को घरजग्गामध्ये ५२ फुट लम्बाइ र २९ फुट चौडाको चोटा तल्ला सुदर्शनप्रसादको र ५२ फुट लम्बाइ र २९ फुट चौडाको बेगल तल्ला श्यामसुन्दर प्रसादको भागमा परेको देखिन्छ भने सो घर तल्लामा आउने जाने बाटोको हकमा सबैले चलन गर्ने र धारा बिजुली आफ्नो आफ्नो नगरेसम्म दर्तावालालाई लाग्ने महसुल दामासाहीले बुझाई सबैले चलन गर्ने भनी उल्लेख भएको देखियो। दाजु सुदर्शन प्रधानले विपक्षी भाइले उक्त घरमा आवतजावत गर्न नमिल्ने गरी फलामे गेट बनाई ताल्चा लगाएकोले भोग चलन गर्नका लागि बाटोको अवरोध हटाउन काठमाडौं महानगरपालिकाको कार्यालयमा निवेदन दिएकोमा महानगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(१)(घ) अनुसार ताला खुलाइदिनुपर्ने र भऱ्याङसमेतका अवरोध हटाउनु भनी मिति २०७२।८।१५ मा गरेको निर्णय विरूद्ध निवेदक कन्हैया प्रधानले काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(७) बमोजिम उक्त निर्णयउपर पुनरावेदन लाग्न नसक्ने भनी पुनरावेदन खारेज गर्ने गरी भएको फैसला खारेज भएको देखिन्छ । यिनै निवेदकले मिति २०७४।१।११ मा आफूले सर्वोच्च अदालतमा निवेदन दिई विचाराधीन रहेको भए तापनि काठमाडौं महानगरपालिकाको कार्यालयबाट मिति २०७२।८।१५ मा भएको निर्णय कार्यान्वयन गरिपाउँ भनी निवेदन दिई मिति २०७४।१।१३ मा उक्त काठमाडौं महानगरपालिकाको

मिति २०७२।८।१५ को निर्णय कार्यान्वयन गर्न यी निवेदकसमेत सहमत भई मुचुल्काको रोहबरमा रही सहीछापसमेत गरेको देखिने।

निवेदक आफैँले काठमाडौं महानगरपालिकाको मिति २०७२।८।१५ को निर्णय कार्यान्वयन गर्न निवेदन दिई सो निर्णय कार्यान्वयन भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको हुँदा काठमाडौं महानगरपालिकाको मिति २०७२।०८।१५ को गैरकानूनी निर्णय कार्यान्वयन नगर्नु नगराउनु, म निवेदकको घरमा अनधिकृत रूपमा हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षी काठमाडौं महानगरपालिका र सुदर्शनप्रसाद प्रधानको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट यी निवेदक आफैँले काठमाडौं महानगरपालिकाको मिति २०७२।८।१५ को निर्णय कार्यान्वयन गर्न निवेदन दिई सो निर्णय कार्यान्वयन भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विमला पौडेल

इति संवत् २०७४ मङ्सिर १९ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री पुरूषोत्तम भण्डारी, *०७५-WH-००११, बन्दीप्रत्यक्षीकरण, राजनप्रसाद लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मुद्दाको कारबाहीको सिलसिलामा अदालतको आदेशबमोजिम न्यायिक थुना (Judicial custody) मा रहेको थुनालाई गैरकानूनी भन्न नमिल्ने भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने भनी न्यायिक सिद्धान्तहरू प्रतिपादित भएका छन् । विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब हुँदैन र यो गर्नाले साधारण क्षेत्रधिकारको उद्देश्यलाई पनि पूर्णता नदिने देखिने।

निवेदकलाई शंकर इलेक्ट्रिक इन्डष्ट्रिज न्युरोड कम्पनीको नामको जग्गा किर्ते कागज बनाई स्वामित्व हस्तान्तरण गरी ठगी गरेको कसुरमा मिति २०७५/०४/०३ गते राजभाइ श्रेष्ठसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजनप्रसाद लम्सालसमेत भएको ठगी मुद्दामा कानूनबमोजिम पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट दुई पटक म्याद थप लिई पक्राउ पुर्जी दिई प्रहरी हिरासतमा राखी थप अनुसन्धान कार्य भइरहेको देखिँदा नियमित कानूनसम्मत प्रक्रिया अवलम्बन गरिरहेको विचाराधीन मुद्दामा बन्दीप्रत्यक्षीकरण रिटको माध्यमबाट अदालतको असाधारण क्षेत्राधिकारको मार्ग रोज्नु रिट क्षेत्राधिकारसम्बन्धी अवधारणाको आधारभूत सिद्धान्तको विपरीत हुन जाने।

अतः निवेदकलाई काठमाडौं जिल्ला अदालतमा बेहकको जग्गा किर्ते कागज गरी आफ्नो नाउँमा हक हस्तान्तरण हुने गरी गरेको गैरकानूनी कार्यउपर ठगी मुद्दा दायर भई कानूनबमोजिमको म्याद र पक्राउ पुर्जीसहित कानूनसम्मत प्रक्रियाबाट थुनामा राखेको देखिँदा उक्त थुनालाई अनधिकृत र गैरकानूनी थुना भन्न मिलेन। यसरी, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मनासिब कारण र आधारको विद्यमानता नदेखिँदा विचाराधीन मुद्दामा कानूनबमोजिमको

रीत पुऱ्याई थुनामा राखेको अवस्थामा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हीरा डंगोल / अनुजा शर्मा

इति संवत् २०७५ साल भदौ ६ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७४-CR-०१५८, ०७४-RC-००६५, कर्तव्य ज्यान, असलमान तामाङसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. वाइवा तामाङ*

प्रतिवादीद्वय असलमान तामाङ र फूलमाया तामाङले बुहारी नाताकी मृतक लालुमाया तामाङलाई अर्का प्रतिवादी बोले भन्ने मनिष वाईवा तामाङलाई साथमा लिई मिति २०७१/१२/१६ गतेको रातिका समयमा मृतक सुतिरहेको गोठमा गई मृतकलाई कोदालो पासोले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेकोले निजलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भनी किटानी जाहेरी परेको देखिन्छ । पुनरावेदक प्रतिवादीहरू सुरू जिल्ला अदालतमा आई अभियोगमा इन्कार रही बयान गरेकामा अधिकारप्राप्त अधिकारीसमक्ष भने आफूहरूको संलग्नताबारे क्रमबद्ध र सिलसिलेवार रूपमा एक अर्को प्रतिवादीहरूको भनाइसँग तालमेल हुने गरी कसुरमा साबित भई घटित घटनाक्रम लेखाइदिएको देखिन्छ । निजहरूको उक्त भनाइ अनुसन्धानको क्रममा मिसिल संलग्न रहेका मृतकको लासजाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतबाट समर्थित हुन आएको देखिन्छ । प्रतिवादी बोले भन्ने मनिष वाइवा तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई बयान गर्दा मृतक लालुमाया तामाङलाई कुटपिट गरी मार्ने सम्बन्धमा प्रतिवादीद्वय असलमान तामाङ र फूलमाया तामाङले बनाएका योजना, तयारी, अपराधमा संलग्न रहँदासम्मका कार्यहरूको सिलसिलेवार वा क्रमबद्ध रूपमा उल्लेख गरिदिएको देखिन्छ भने सो बयानमा उक्त आपराधिक कार्यमा संलग्न रही ती मद्दत गरिदिएबापत आफूलाई रू.२०,०००।- दिने प्रलोभन देखाई रक्सी खुवाई लगिएको जस्ता कुरासमेत लेखाई दिएको पाइन्छ । निजको सो स्वीकारोक्ति पोल बयान ती प्रतिवादीद्वयको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान बेहोरासँग मेल खाएको मात्र नदेखिई मृतकको लास जाँच प्रकृति एवं घटनास्थल प्रकृति मुचुल्काको बेहोरासँग मेल खान आएको देखिने । जबकि प्रतिवादी बोले भन्ने मनिष वाइवा तामाङले यी प्रतिवादीद्वयलाई त्यसरी पोल गर्नुपर्ने अन्यथा कारण खुल्न सकेको छैन । यस आधारबाट पुनरावेदक प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज स्वेच्छाविपरीतको रहेछ भन्न मिल्ने देखिएन । प्रमाण ऐन, २०३१ को दफा ९ (२) (क) मा **"फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्बन्धमा अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहराएमा प्रमाण लिन हुन्छ"** भन्दै देहाय (१) मा **"सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो",** देहाय (२) मा **"निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छाविरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन"** भन्ने उल्लेख छ । प्रस्तुत मुद्दामा मृतकका सासू ससुराहरूले अनुसन्धान अधिकृतले निजहरूको बयान जबरजस्ती यातना र धम्की दिई तथा अचेत अवस्थामा गराएको भन्ने सम्बन्धमा अदालतमा म्याद थपको क्रममा कहीँकतै उल्लेख गरेको पाइँदैन । बरू अर्का सहअभियुक्त मनिष वाइवा तामाङले अदालतमा

आई आफूसमेतको संलग्नतामा सबै प्रतिवादीहरूले मृतकलाई मारेको कुरा लेखाई दिएको देखिन्छ।

मृतक बुहारी लालुमाया तामाङसँग सासू ससुराको मेलमिलाप नरहेको देखिन्छ । छोराले मृतकलाई मन पराई बिहे गरी ल्याए पनि बुहारीको रूपमा निजहरूले मन पराएको देखिँदैन । बुहारीसँग आफूहरूको मनमुटाव, द्वेष बढ्दै गएको भन्ने कुरा निजहरूकै अनुसन्धान अधिकृतसमक्षको बयान कागजबाट देखिन्छ। छोरा घरमा नभएका बखत जवान एवं गर्भवती बुहारीलाई घरमै नराखेर एकान्त गोठमा बस्न पठाउनु वा गोठमा नै बस्नु सुत्नुपर्ने स्थिति सिर्जना गरी सोही स्थानमा नै मृतक लालुमायाको विभत्स रूपमा हत्या भएबाट प्रतिवादीद्वयको कार्य व्यवहार र आचरणबाट पनि मृतकप्रति प्रतिवादी सासू ससुराको द्वेष एवं कलुषित भावना रहेछ भन्ने तथ्य स्थापित हुन आउँछ । उल्लिखित आधारहरूबाट प्रस्तुत मुद्दाको सन्दर्भमा मृतकका सासू ससुराद्वयले छोरा घरमा नभएको समय परी मृतकलाई मार्ने मनसाय (Mens rea) राखी योजना बनाई तयारी गरी सहयोगको लागि अर्का प्रतिवादी बोले भन्ने मनिष वाइवा तामाङलाई बोलाई, निजलाई रक्सी र रू.२०,०००।- दिने प्रलोभन देखाई, मार्नेसम्मको कार्य गरेबाट अपराधका तत्त्वहरूको विद्यमानता रहेको देखिने। हाम्रो मुलुकले कर्तव्य ज्यानसम्बन्धी अपराधलाई गम्भीर प्रकृतिको अपराधको रूपमा लिएको पाइन्छ। यस्ता अपराधमा Mens rea र Actusreus जस्ता तत्त्वलाई नै आधार मान्ने गरिन्छ । यी तत्त्वको विद्यमान रही अपराध गरेको अवस्थामा कडा सजाय गर्नुपर्ने विधायिकी मनसायसमेत रहेको पाइन्छ।

शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Blunt force trauma over the head भन्ने उल्लेख भएको देखिन्छ । मृतकउपरमा चोट छाड्ने काम यी तीनै जना प्रतिवादीबाट समूहमा संलग्न रही एकअर्कालाई उकासी हौसला प्रदान गरी गरेको पाइन्छ। यसरी मृतकउपरमा संयुक्त रूपमा चोट छाड्ने यी प्रतिवादीहरू तीनै जनालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुर ठहर हुने गरी सुरू तहबाट भएको फैसलालाई नै सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला अन्यथा नदेखिने। अतः यी प्रतिवादीहरू असलमान तामाङ र फूलमाया तामाङका हकमा सुरू अभियोग दाबीअनुसार कसुर ठहर हुने गरी सुरू दोलखा जिल्ला अदालतबाट भएको त्रुटिपूर्ण फैसलालाई नै सदर गरेको उच्च अदालत पाटनको फैसला उल्टी गरी प्रतिवादीहरूलाई सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदन जिकिर एवं निज प्रतिवादीका तर्फका विद्वान् वरिष्ठ अधिवक्तासमेतको बहस जिकिरसँग सहमत हुन सकिएन। साथै साधकको रोहमा दर्ता भएको प्रतिवादी मनिष वाइवा तामाङको हकमा समेत सुरू सदर गरी उच्च अदालत पाटनले गरेको फैसला अन्यथा नदेखिने।

उपर्युक्त विवेचित आधार, कारणबाट सुरू दोलखा जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम पुनरावेदक प्रतिवादीहरू असलमान तामाङ र फुलमाया तामाङलाई जन्मकैदको सजाय हुने ठहरी भएको फैसला नै सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७३/१२/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै सुरू दोलखा जिल्ला अदालतबाट जन्मकैदको सजाय पाएका अर्का प्रतिवादी मनिष वाइवा तामाङको हकमा साधक सदर गरेको उच्च अदालत पाटनको मिति २०७३।१२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नवराज जोशी

इति संवत् २०७६ साल मङ्सिर १ गते रोज १ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७१-CI-१३७२, अंश दपोट, रत्नदास महर्जन वि. मंगलदास महर्जनसमेत*

मिति २०५८।६।१५ मा भएको बन्डापत्रको कागज निज वादी प्रतिवादीहरूसमेत बसी एकआपसमा चित्त बुझाई भएको भन्ने देखिन्छ। सो बन्डापत्र हुँदा बुबा रामदास महर्जनले छोराहरू प्रतिवादी मंगलदास र वादी रत्नदासलाई साक्षी रोहबरमा राखी अंशभाग छुट्ट्याई दिएको देखिन्छ । अंश दपोटको लागि अंश दिनेले दूषित मनसाय राखी एकलौटी खानको लागि लुकाएको दबाएको अनिवार्य रूपमा देखिनुपर्छ । अंशबन्डा हुँदा दाबीको कि.नं. ५१९ को जग्गा नदेखाउनुको कारण प्रतिवादीले उक्त जग्गा श्रीमतीको दाइजोको रकमबाट खरिद गरेको र सोमा एकतले घरसमेत बनाएको भनी लेखाएबाट ती सम्पत्ति दबाएर अरू अंशियारलाई झुक्याएर एकलौटी खाने मनसाय प्रतिवादीको भएको देखिँदैन । किनकि अंशबन्डा सबैको सहमति र सल्लाहले भएको भन्ने कुरामा विवाद नदेखिने।

सबै अंशियारको सहमतिले अंशबन्डाको कागज खडा गरी अंश भाग गरिएको अवस्थाले सगोलमा रहेको अवस्थामा जग्गा जमिनको बाँडफाँट हुने क्रममा जग्गा छुटेको कुरा वादीलाई तत्काल जानकारी हुन नसक्ने त्यस्तो के कारण पर्‍यो वादीले खुलाउन सकेको पाइँदैन किनकि सगोलमा रहँदा बस्दा भोग गरेको जग्गा को कसको नाममा रहेको छ लगायतका सामान्य जानकारी तत्कालीन अवस्थामा २४ वर्ष उमेर रहेका निज वादीलाई नरहने कुरा प्रतीतलायक नदेखिने।

वादीका साक्षी आइते प्रजापतिले अदालतमा आई गरिदिएको बकपत्रमा विवादको कि.नं. ५१९ को जग्गामा २०५१ सालभन्दा अघिदेखि नै घर भएको देखेको भनी लेखाएको देखिन्छ भने साक्षीले बकेको बेहोरा झुट्ठा हो भन्ने भनाइ वादीको रहेको छैन। अतः २०५८।६।१५ मा बन्डापत्र हुनुभन्दा अगाडिदेखि नै प्रकाशमा आइसकेको कुरा आफूलाई जानकारी नभएको भन्ने वादीको भनाइ विश्वसनीय नदेखिने।

दपोट भन्नलाई नियतको मुख्य भूमिका हुन्छ। यदि नियतवश सम्पत्ति लुकाई नदेखाई एकलौटी खाने उद्देश्यले लुकाउने दबाउने काम गरिन्छ भने त्यस अवस्थामा दपोटको कुरा उठ्न सक्ने हो । तर माथि उल्लेख भएअनुसार प्रतिवादीबाट त्यस्तो कार्य भएको भन्ने नदेखिँदा अंश दपोट ठहर गर्न मनासिब हुने देखिँदैन। यसरी बन्डा हुँदा वादीले तत्काल जानकारी राख्ने अवस्था रहनु, विवादित कित्ता दाइजोको रकम (स्त्री अंश धन) बाट किनेको भन्ने प्रतिवादलाई वादीले अन्यथा भन्न नसक्नु, प्रतिवादीले उक्त विवादित कित्ता एकलौटी खाने उद्देश्यले दबाए छिपाएको भन्ने नदेखिनु, बन्डा हुँदाका बखत बन्डापत्रमा नदेखाउनुको कारण प्रतिवादीले उल्लेख गरेको कारण अविश्वसनीयसमेत नदेखिएको आधार र कारणबाट दपोट गरेको भन्ने वादी दाबी पुष्टि भएको देखिएन । तसर्थ, विवादित कि.नं. ५१९ को जग्गा बन्डा लाग्ने सम्पत्ति नदेखिएकोले सुरूको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट भएको इन्साफ मनासिब नै देखिँदा पुनरावेदकका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।९।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल असार १७ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७३-CI-११५८, अंश दपोट, मंगलदास महर्जन वि. रामदास महर्जन
- ०७३-CI-११५९, हालैको बकसपत्र लिखत बदर, मंगलदास महर्जन वि. रामदास महर्जनसमेत

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७४-CR-०१४६, घरमा आगो लगाई ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. मानबहादुर गिरी*

अभियोग दाबीबमोजिम बिगो कायम गरी भराई दिनेसम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा प्रतिवादीले जाहेरवालाको घरमा आगो लगाउँदा घरमा रहेको जिन्सी सामान, लत्ता कपडा, अन्नपात, भाँडा वर्तन आदि जलेर नष्ट भएको विषयमा कुनै विवाद देखिँदैन । के कति धनमाल जलेर नष्ट भएको हो भन्ने सम्बन्धमा मिति २०७२।१।७ मा पञ्चकिर्ते मूल्याङ्कन मुचुल्का भएको देखिन्छ । उक्त मुचुल्काले रू. ४३७,०००।– बराबरको धनमाल क्षति भएको भनी क्षतिको मूल्याङ्कन गरेको र सोहीबमोजिम नै क्षति भएको भनी अभियोग दाबी लिएको देखिन्छ । उक्त मुचुल्काले अन्नपात र भाँडा वर्तन, लत्ता कपडा, ३ कोठे २ तले घर, नगद रू. ४०,०००।- र सामसुङ मोबाइल ३ वटा जलेर नष्ट भएको विवरण उल्लेख गरेको छ । मानिस बसिरहेको घरमा अन्नपात र भाँडा वर्तन, लत्ता कपडा आदि रहने विषय स्वाभाविक नै देखिन आउँछ । तथापि नगद रू. ४०,०००।- र मोबाइल ३ थानको रू.२५,०००।- बिगो कायम भएकोतर्फ भने विश्वसनीय प्रमाणको आधारविना बिगो कायम गरिनु न्यायसङ्गत हुने देखिन आउँदैन । जाहेरवालाको घर जलेर नष्ट हुँदा जाहेरवालाले जिकिर लिएबमोजिम नगद र ३ थान मोबाइल सेट घरभित्र रहेको थियो भनी निजले कुनै विश्वसनीय प्रमाण पेस गर्न सकेको देखिन नआएको हुँदा नगद रू.४०,०००।- र मोबाइल ३ थानको रू.२५,०००।- बिगो मूल्याङ्कन भएकोलाई प्रमाणको अभावमा विश्वसनीय मान्न सकिएन । सो हुँदा अभियोग दाबीबमोजिम रू.४३७,०००।– बराबरको बिगो कायम नगरी नगद रू.४०,०००।- र मोबाइल ३ थानको रू.२५,०००।- गरी जम्मा ६५,०००।- कम गरी जम्मा बिगो रू.३७२,०००।– कायम गरी प्रतिवादीबाट भराइदिने गरी भएको उच्च अदालत तुलसीपुरको फैसला अन्यथा देखिन नआउने ।

अतः प्रतिवादी मानबहादुर गिरीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १५ नं. बमोजिमको कसुरमा ऐ. १५ नं. बमोजिम ५ वर्ष कैद र ऐ. आगो लगाउनेको महलको १० नं. बमोजिमको कसुरमा ऐ. १० नं. बमोजिम रू. ३७२,०००।- प्रतिवादीबाट जाहेरवालाले भराइपाउने गरी मिति २०७३।११।१० मा उच्च अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल जेष्ठ २५ गते रोज १ शुभम् ।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७३-CR-००१६, डाँका, नेपाल सरकार वि. मिलन राई*

चोरी भएको धनमालको बिगो कायम गरी जरिवाना गर्ने सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेतको सन्दर्भमा हेर्दा एकै वारदातमा संलग्न रहेका अन्य प्रतिवादीहरू नुरबहादुर मगर र पदम तामाङको हकमा मुद्दा तहतह हुँदै यस अदालतमा वादी नेपाल सरकार र प्रतिवादीहरू

नुरबहादुर र पदम तामाङको दोहोरो पुनरावेदन परी दर्ता भएका ०७१-CR-००४३ र ०७२-CR-२०५६ मुद्दाहरूबाट वारदात पुष्टि भई प्रतिवादीहरू नुरबहादुर र पदम तामाङलाई डाँका चोरीको कसुरमा जनही ६ वर्ष कैद हुने र बिगोको हकमा रू.२,१०,०००।- कायम हुने र प्रतिवादीहरूलाई मुलुकी ऐन चोरीको महलको १४ नं. को देहाय ४ बमोजिम बिगोको डेढी रू.३,१५,०००।- जनही जरिवाना हुने र बिगोको हकमा प्रतिवादीहरूबाट दामासाहीले पीडित ईन्द्रकुमारी राईले भराई लिन पाउने ठहर भई मिति २०७३।५।१४ मा यस अदालतबाट फैसला भई मुद्दा अन्तिम भइसकेको देखिन्छ । उही वारदातमा संलग्न यी प्रतिवादी मिलन राईको हकमा बढी बिगो वा असमान बिगो कायम गर्न कानूनतः मिल्ने नदेखिँदा सोहीबमोजिम नै यी प्रतिवादी मिलन राईको हकमा समेत समान बिगो कायम गर्नु उचित नै देखिँदा यी प्रतिवादी मिलन राईको हकमा रू.२,१०,०००।- डाँका चोरी गरेको बिगो कायम गरी बिगोको डेढी रू.३१५,०००।- जरिवाना हुने गरी भएको पुनरावेदन अदालत राजविराजको फैसला अन्यथा भन्न नमिल्ने।

अतः प्रतिवादी मिलन राईलाई मुलुकी ऐन चोरीको महलको ६ नं. बमोजिमको डाँका चोरीको कसुरमा कसुर ठहर गरी ऐ. चोरीको महलको १२ र १४(४) नं. अनुसार ६ वर्ष कैद र बिगो रू.२,१०,०००।- कायम गरी बिगोको डेढी जरिवाना हुने र बिगो पीडित ईन्द्रकुमारी राईले भराइपाउने गरी भएको खोटाङ जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।३।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल जेष्ठ २५ गते रोज १ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७६-RC-००५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. कृष्णबहादुर कुमाल*

मिति २०७३।०१।२५ गतेका राति अन्दाजी २१:०० बजेको समयमा जिल्ला बागलुङ, दगातुन्डाँडा गा.वि.स. वडा नं. ६ बस्ने वर्ष २३ को कृष्णबहादुर कुमालले ऐ.ऐ. बस्ने वर्ष ५२ को आफ्नै बाबु ओमबहादुर कुमाललाई घरमा चिरपट दाउरा तथा फरूवाले शरीरको विभिन्न भागमा प्रहार गरी कर्तव्य गरी मारेको भन्ने बेहोराको किटानी जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको अनुसन्धान कारबाही प्रारम्भ भएको देखिन्छ। प्रतिवादी कृष्णबहादुर कुमालले अनुसन्धान तथा अदालतमा बयान गर्दा वारदात मिति २०७३।१।२५ गते बुबाले मलाई कुखुरा काट भनी चक्कु दिएपछि मैले कुखुरा काटी लसुन केलाउन लागेको अवस्थामा बुबाले पहिला मलाई चक्कुले हानेकोमा मेरो हातमा मात्र छोयो, त्यसपछि निजले मलाई लात्ताले हाने । सो समयमा अन्दाजी २१:०० बजेको थियो। बुबाले मलाई लात्ताले हानेपछि भाइ र आमालाई पनि घरबाट लखेट्ने र मलाई पनि कुटेकोले खपी नसक्नु रिस उठ्यो। मैले पहिला घरभित्र मुक्काले कुटेँ र घरबाहिर पिँढीमा निकालेर पनि मुक्काले कुटेँ। त्यति गर्दासमेत मेरो रिस नमरेपछि घरको आँगनमा धकेली चुलोनजिकै रहेको भकिम्लाको चिरपट दाउरो लिई निज बाबाको टाउकोलगायत शरीरको विभिन्न भागमा हान्दासमेत मेरो रिस नमरेपछि घरभित्र रहेको फरूवा लिई टाउकोलगायत शरीरको विभिन्न भागमा कुटपिट गरेको हुँ। त्यतिबेलासम्म बुबाको अलिअलि सास थियो, त्यसपछि मैले पिँढीमा गुन्द्री बिच्छाई सुताएकोमा राति अं.२:०० बजेसम्म प्राण थियो, त्यसपछि बाबाको मृत्यु भएको हो। मैले कुटपिट गरेको

चोटको कारण नै मेरो बाबा ओमबहादुर कुमालको मृत्यु भएको हो, उक्त घटना म एक्लैले घटाएको हुँ, अन्य कोही कसैको संलग्नता छैन, उक्त वारदातमा मैले फरूवा र भकिम्लाको चिरपट दाउरो प्रयोग गरेको हुँ भनी आरोपित कसुरमा साबित रहेको देखियो। शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारणमा HEAD INJURY भन्ने उल्लेख भएको देखिन्छ । अनुसन्धानको क्रममा कागज गर्ने सूर्यबहादुर अधिकारी क्षेत्री, होमनाथ अर्याल, बाटुलीमाया कुमाल, यादव चालिसे र यमकान्त पाध्यासमेतले मिति २०७३।०१।२५ गते प्रतिवादी कृष्णबहादुर कुमालले घरमा रहेको फरूवा र चिरपट दाउराले आफ्नै बाबु ओमबहादुर कुमाललाई पटकपटक शरीरका विभिन्न भागमा प्रहार गरी कर्तव्य गरी मारेका हुन् भनी आफूहरूले मौकामा गरेको कागजलाई समर्थन गरी अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको देखिन्छ। यसरी प्रतिवादीको साबिती बयान, शव परीक्षण प्रतिवेदन र वादी पक्षका साक्षीहरूको भनाइसमेतबाट प्रतिवादी कृष्णबहादुर कुमालले घरमा रहेको फरूवा र चिरपट दाउराले प्रहार गरी आफ्नै बाबु ओमबहादुर कुमालको कर्तव्य गरी हत्या गरेको तथ्यमा विवाद नदेखिने।

प्रतिवादी कृष्णबहादुर कुमालले घरमा रहेको फरूवा र चिरपट दाउराले प्रहार गरी आफ्नै बाबु ओमबहादुर कुमालको कर्तव्य गरी हत्या गरेको सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. मा "धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छन्" भन्ने व्यवस्था रहेको छ। तर मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था गरेको सन्दर्भमा प्रतिवादीलाई सर्वस्वतर्फको सजाय हुने नदेखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट मृतक ओमबहादुर कुमालको मृत्यु प्रतिवादी कृष्णकुमार कुमालको कर्तव्यबाट भएकोमा विवाद नदेखिएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी उच्च अदालत पोखरा बागलुङ इजलासबाट भएको मिति २०७५।७।२८ को फैसला मिलेकै देखिँदा प्रतिवादी कृष्णकुमार कुमालको हकमा यस अदालतमा जाहेर हुन आएको साधकसमेत सदर हुने।

मृतककै कारणले घरमा सधैँ झै-झगडा हुने गरेको र सोही अवस्थाबाट वारदातको दिनमा समेत मृतकले झगडा तथा कुटपिट गरी निजकी श्रीमती र कान्छो छोरासमेत घर छाडी गएको देखिन्छ। मृतकले प्रतिवादीलाई समेत कुटपिट गरी झै-झगडा गरेको कारणबाट प्रस्तुत वारदात घट्न गएको तथ्य स-प्रमाण पुष्टि हुन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीले मृतकलाई मार्नुपर्ने मनसाय र कारण एवं आशय पनि देखिन नआएको, मृतकलाई मार्ने मनसायबाट घटना घटाएको पनि देखिन नआएको, मृतक र प्रतिवादी बाबु छोरा नाताको भएको तथ्य मिसिल प्रमाणबाट देखिन्छ । यसका अतिरिक्त वास्तविक तथ्यलाई अदालतमा समेत स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको पनि देखियो । प्रतिवादीले कसुर गर्दाको अवस्था र प्रतिवादीको उमेर, अपराधको पृष्ठभूमिसमेतलाई मध्यनजर गरी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा सुरू अदालतबाट मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने गरी राय व्यक्त गरेको मनासिव देखिएको भनी सोही राय कायम हुन उच्च अदालत पोखरा, बागलुङ

इजलासबाट व्यक्त गरेको रायसमेत मनासिब नै देखिएकाले सदर हुने।

इजलास अधिकृतः राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल जेष्ठ २७ गते रोज ३ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-०२२०, ठगी, नेपाल सरकार वि. शशिकला घलानसमेत*

प्रतिवादी शशिकला घलान र सुजितकुमार घलानले अमेरिका पुऱ्याइदिने भनी प्रलोभनमा पारी रकम असुल्ने अमेरिकी नागरिक म्याक स्मिथ र भारतीय नागरिक सोनिया शर्मालाई नेपालमा खाता खोली अनधिकृतरूपमा रकम पठाउन प्रत्यक्ष रूपमा संलग्न रहेको देखिई ठगी गर्नेलाई मद्दत दिने कार्य गरेको हुँदा निज शशिकला घलान र सुजितकुमार घलानलाई ठगीको ५ नं. अन्तर्गतको कसुरमा ऐ. ४ नं. बमोजिम जनही ६ (छ) महिना कैद र रू.१,०००।- (एक हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ। अर्का प्रतिवादी बलबहादुर राउतले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी मकवानपुर जिल्ला अदालतबाट मिति २०७३/०३/१९ मा फैसला भएको र उक्त फैसलाउपर दुवै पक्षको पुनरावेदन परेकोमा प्रतिवादीहरू शशिकला घलान र सुजितकुमार घलानले अभियोग दाबीबमोजिम जाहेरवाला कमला खड्काको नगद रू.५,४८,०००/- ठगी गरेको ठहऱ्याई सजाय गर्नुपर्नेमा दुवै प्रतिवादीहरूलाई ठगीको मतियारसम्म ठहऱ्याई सजाय गर्ने गरेको मकवानपुर जिल्ला अदालतको मिति २०७३/३/१९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई अब प्रतिवादीहरू शशिकला घलान र सुजितकुमार घलानले मुलुकी ऐन, ठगीको १ नं. बमोजिम बिगो रू.५,४८,०००/- (पाँच लाख अठ्चालिस हजार) ठगी गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही महलको ४ नं. बमोजिम जनही छ महिना कैद र रू.५,४८,०००/- को दामासाहीले हुने जनही रू.२,७४,०००/- (दुई लाख चौहत्तर हजार) का दरले जरिवानासमेत भई जाहेरवाला कमला खड्काले निज दुवै प्रतिवादीहरूबाट दामासाहीबाट बराबर बिगोसमेत भराई लिन पाउने तथा अन्य कुरामा दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्तैन भनी उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७४।०९।१३ मा भएको फैसलामा चित्त नबुझाई प्रतिवादी बलबहादुर राउतलाई समेत सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन पर्न आएको देखिने।

पीडित गोपाल भुजेलको रू.१६,९५,०००।- प्रतिवादीहरूबाट दिलाई भराई दिनेतर्फ फैसला मौन रहेको र प्रतिवादी बलबहादुर राउतलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा गोपाल भुजेलले आफूबाट ठगिएको रकम दिलाइपाउँ भनी रीतपूर्वकको जाहेरी दर्खास्तसमेत दिएको नदेखिएकोले सोतर्फ केही बोलिरहन परेन। अर्का प्रतिवादी बलबहादुर राउतको हकमा विचार गर्दा यी प्रतिवादीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरियर पार्टनरसिपमा सञ्चालन गर्दै आएको सम्बन्धमा जे.सि.वि. कम्पनीको भारतबाट आउने समान निजले ल्याइदिने गरेको कारण सो कम्पनीका सि.ओ.तेजबहादुर सुवेदीसँग चिनजान भएको भन्ने देखिन्छ। निज तेजबहादुर सुवेदीले स्टाफको बहिनीको आमा दिल्ली स्थित एपोलो अस्पतालमा उपचारार्थ रहेको र पैसाको अभाव भएकोले रकम पठाइदिनु भनी भनेकोले प्रतिवादी सुजितकुमार घलानले आई.एम.ई.मार्फत पठाएको रकम नै निजले भारत पठाएको देखिन्छ। उक्त रकम जाहेरवालाबाट

सुजितकुमारको बैंक खातामा जम्मा गरेको ठगीको पैसा हो भन्ने कुराको जानकारीसमेत निजलाई भएको देखिँदैन । निज प्रतिवादीको जाहेरवालासँग कुनै सरोकार नै नभएको र सहप्रतिवादीहरूले पनि उक्त ठगीको कार्यमा यी प्रतिवादीको कुनै संलग्नतासमेत देखाउन नसकेको अवस्थामा विनाप्रमाण यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम ठगी भएको मानी सजाय गर्नु न्यायोचित र कानूनसम्मत नदेखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीहरू शशिकला घलान र सुजितकुमार घलानले मुलुकी ऐन, ठगीको १ नं. बमोजिम बिगो रू.५,४८,०००/- (पाँच लाख अठ्चालिस हजार) ठगी गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही महलको ४ नं. बमोजिम जनही छ महिना कैद र रू.५,४८,०००/- को दामासाहीले हुने जनही रू.२,७४,०००/- (दुई लाख चौहत्तर हजार) का दरले जरिवाना हुने र जाहेरवाला कमला खड्काले निज दुवै प्रतिवादीहरूबाट दामासाहीबाट बराबर बिगोसमेत भराई लिन पाउने र प्रतिवादी बलबहादुर राउतले सफाइ पाउने ठहऱ्याई भएको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला मिलेको देखिँदा केही परिवर्तन गरिरहनुपर्ने अवस्था देखिन आएन । उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७४।०९।१३ को फैसला सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम्।

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-०२८३, जबरजस्ती करणी, नेपाल सरकार वि. फणिन्द्र चौधरी*

जाहेरवाला १८ वर्ष उमेर पुगेकी साबालिग देखिन्छिन् । प्रतिवादीले बोलाएपछि निज प्रतिवादीको साथ लागी गएकी, होटलमा कुराकानी गरी बसी साथै खाजा खाई रातभर बसेको र होटलबाट बिहान निस्किई दुवै जनाले एकसाथ खाजा खाई प्रतिवादीकै साथ घरनजिकैको सुल्ताना कटेजमा छोडिदिएको भन्ने जाहेरवालीकै बकपत्रबाट देखिएको र जाहेरवाली र प्रतिवादी आफ्नो होटलमा बसेको र भोलिपल्ट बिहान कोठाबाट दुवैजना हाँसीखुसी निस्किई बिल तिरी गएको भनी होटल सञ्चालक सृजना महतोले गरेको बकपत्रबाट समेत जबरजस्ती करणी गरेको मान्न सक्ने अवस्था नदेखिने।

वादी पक्षले अभियोगलाई शंकारहित तवरले प्रमाणित गराउन नसके सोको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत रहिआएको छ। प्रस्तुत मुद्दामा पीडितलाई प्रतिवादीले डर, धाक देखाई जोरजुलुम गरी करणी गरेको भन्ने पनि देखिएको छैन। जुलुमीले जबरजस्ती करणी गरेकै भए निजको अनैतिक कार्यबाट बच्न प्रतिरोधका लागि सक्षम रहेकी जाहेरवालीले यथाशक्य प्रतिरोध तथा आफ्नो सुरक्षार्थ सङ्घर्ष गर्नुपर्नेमा सो केही गरेको देखिँदैन। जबरजस्ती करणी गरेको भन्ने ठोस सबुद प्रमाणको अभावमा केवल शंका र अनुमानकै भरमा मात्र जबरजस्ती करणी जस्तो गम्भीर र नैतिक पतन हुने फौजदारी अपराधमा प्रतिवादीलाई कसुरदार कायम गर्न फौजदारी न्याय सिद्धान्तसमेतबाट मिल्ने देखिँदैन।

मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सो १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी र जाहेरवाला दुवै

उमेर पुगेको देखिन्छ । उमेर पुगेका मानिसहरूबिच सहमतिमा सम्पर्क गर्नमा विद्यमान कानूनले कुनै बन्देज लगाएको देखिँदैन । रातभर एउटै कोठामा उमेर पुगेका दुईजना सँगै बसेका छन् । यस्तो अवस्थामा बिनामन्जुरीमा करणी भयो भनी सोच्नसमेत कठिन हुन जान्छ । यहाँ त रातभर होटलमा बसी बिहान पनि हाँसीखुसी बाहिर गएका हुन् भनी होटल सञ्चालकको बकपत्रबाट पनि सो तथ्यलाई पुष्टि हुने ।

उपर्युक्त तथ्य एवम् कानूनी व्यवस्थासमेतका आधारमा प्रतिवादी फणिन्द्र चौधरी र पीडित भनिएकी नाम परिवर्तित ०४९-७ (०७२/७३) खैरहनीका बिच सहमतिमा नै करणी भएको देखिन्छ । जाहेरवालाको स्वास्थ्य परीक्षण प्रतिवेदन, घटना विवरण कागज, बुझिएका मानिसहरूको भनाइ, परीक्षण गर्ने डाक्टरको बकपत्र र पीडित स्वयंको बकपत्रबाट प्रतिवादीउपरको अभियोग शंकारहित र ठोस सबुद प्रमाणबाट पुष्टि भएको नहुँदा पीडितको जाहेरीको आधारमा मात्र जबरजस्ती करणी जस्तो गम्भीर फौजदारी अभियोगमा प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने देखिँदैन । यस अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरिभएको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसलालाई अन्यथा मान्न मिलेन । अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको नं. ३(४) बमोजिम ५ वर्ष कैद गरी पीडितले रू.५०,०००।- क्षतिपूर्तिसमेत भरिपाउने ठहराई चितवन जिल्ला अदालतबाट मिति २०७३।११।१० मा भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी फणिन्द्र चौधरीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।०७।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम् ।

११

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७३-CI-११४१, छुट जग्गा दर्ता, कुमार डाँगी वि. मालपोत कार्यालय दाङ*

निवेदक जितबहादुर डाँगीले छुट जग्गा दर्ता गरिपाउँ भन्ने निवेदनसाथ धनौरी गा.वि.स. को सिफारिस, सर्जमिन, नागरिकता प्रतिलिपि, एकहर्पी लगत, फिल्डबुक उतार ब्लु-प्रिन्ट नक्सा जस्ता प्रमाणहरू संलग्न राखी निवेदन दिएको तथा उक्त प्रमाणहरूको मूल्याङ्कन नभई मालपोत कार्यालय दाङ र पुनरावेदन अदालत तुलसीपुरबाट फैसला भएको भन्ने पुनरावेदन गर्दा जिकिरसमेत लिएको देखिन्छ । प्रमाणको मूल्याङ्कन गरी निवेदक जीतबहादुर डाँगीको नाममा जग्गा दर्ता हुने वा नहुने भनी निर्णय हुनुपर्नेमा छुट जग्गा दर्ता समितिले श्री ५ को सरकारका नाममा दर्ता हुने निर्णय गरिसकेको भन्ने अपुष्ट आधारमा सरकारी जग्गा भइसकेको र उक्त जग्गा व्यक्तिका नाममा हुन नसक्ने भनी भएको मालपोत कार्यालयको निर्णय र सोही निर्णयलाई सदर गर्ने पुनरावेदन अदालत तुलसीपुरको फैसलाले निवेदक तथा पुनरावेदकले जिकिर लिएका प्रमाणहरूको मूल्याङ्कन गरेको देखिन आएन । मालपोत कार्यालय दाङले निर्णय गर्दा एकातिर कलाउटी चौधरीसमेतले उक्त विवादित जग्गा परापूर्वकालदेखि सार्वजनिक जग्गा खरियान रहेको भनी दाबी विरोध गरेको भन्ने विषयलाई आधार लिएको छ भने अर्कोतर्फ निवेदकले

जोतभोग गरेको भनी जरिवानासमेत गरेको देखिन्छ जसले परस्पर विरोधाभाषपूर्ण निर्णय भएकोसमेत देखिने।

अतः नेपाल सरकारका नाममा दर्ता भएको भन्ने आधारमा छुट जग्गा दर्ता गर्न नमिल्ने निर्णय मालपोत कार्यालयबाट भएको देखियो । निवेदकले जिकिर लिएका प्रमाणको मूल्याङ्कन भएको देखिन आएन। प्रमाणको यथोचित मूल्याङ्कन नगरी भएको मालपोत कार्यालय दाङको मिति २०७१।८।१४ को निर्णय र सोही निर्णयलाई सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७३।२।१७ को फैसला बदर गरिदिएको छ । अब जे जो बुझ्नुपर्ने प्रमाण बुझी, प्रमाणहरूको मूल्याङ्कन गरी पुनरावेदक निवेदकले दाबी लिएको निवेदन मागबमोजिमको दाङ जिल्ला धनौरी गा.वि.स. वडा नं. ७क कि.नं.४, जम्मा ०-९-० क्षेत्रफलको जग्गा पुनरावेदक निवेदकका नाममा दर्ता हुने वा नहुने सम्बन्धमा यकिन निर्णय गर्नु भनी मालपोत कार्यालय, दाङमा प्रस्तुत मुद्दाको मिसिल र उपस्थित पक्षलाई तारेख तोकी पठाइदिने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल माघ १७ गते रोज ६ शुभम्।

१२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-MS-००२७, अदालतको अवहेलना, श्रीप्रसाद शिवाकोटी वि. हरिप्रसाद मैनाली जिल्ला प्रशासन कार्यालय, पोखरा, कास्की

मिति २०७३।१।६ गते बिहानको १०:३० बजेको समयमा जिल्ला कास्की उ.म.न.पा. वडा नं.५ जिरो किमी स्थितमा निवेदक उज्यालो यातायात व्यवसायी सङ्घ तथा विपक्षी पृथ्वी राजमार्ग यातायात बस व्यवसायी समितिबिच एकआपसमा वादविवाद भई हातपात कुटपिटसमेत भएको भन्ने सूचना प्राप्त भएपश्चात् तत्कालै वडा प्रहरी कार्यालय बैदाम कास्कीबाट प्रहरी टोली खटी गएको र घटना सम्बन्धमा तत्कालको परिस्थितिलाई नियन्त्रणमा लिनको लागि झगडामा संलग्न विष्णु सार्की, अभिमन्यु तामाङ र पुर्णबहादुर शाहीसमेतका व्यक्तिहरूलाई र ग.१ ख ५०७८ नं. को बसलाई अनुसन्धानको सिलसिलामा नियन्त्रणमा लिइएको हो । मिति २०७३।१।७ गते उज्यालो यातायात व्यवसायी सङ्घ र पृथ्वी राजमार्ग यातायात बस व्यवसायीका पदाधिकारीहरू वडा प्रहरी कार्यालय बैदाम कास्कीमा उपस्थित भई छलफल गर्दा घाइते भएका व्यक्तिहरूको औषधी उपचार आ-आफ्नै समितिले गर्ने, नियन्त्रणमा परेका उज्यालो यातायात व्यवसायी सङ्घका विष्णु सार्की, अभिमन्यु तामाङ र पूर्ण ब. शाहीसमेतलाई छाड्ने, दुवै व्यवसायीहरूबाट एक अर्का विरूद्धमा परेका उजुरीहरू फिर्ता लिने, पृथ्वी राजमार्ग यातायात बस व्यवसायी समितिको ग.१ ख ५०७८ नं. को बस छाड्ने र अब झै-झगडा, शान्ति सुरक्षामा खलल हुने कार्य नगर्ने भनी लिखित सहमति भएको हो भन्ने बेहोराको विपक्षी प्रहरी उपरीक्षक घनश्याम अर्याल र प्रहरी निरीक्षक मोहनमणि अधिकारीको लिखित जवाफ रहेको देखिने।

यसमा निवेदकले काँकडभिट्टादेखि पोखरा हुँदै बागलुङसम्म यात्रुबाहक बस सञ्चालन गर्दा विपक्षी पृथ्वी राजमार्ग यातायात बस व्यवसायी समितिसमेतले अवरोध सिर्जना गरेको भन्ने विषयमा यस अदालतसमक्ष ०७२-WO-०७४१ को रिट निवेदन दर्ता गराएको र उक्त निवेदनको सन्दर्भमा मिति २०७२।१२।२३ मा निवेदकले बस सञ्चालन गर्न नपाउने गरी भएको निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश भएको देखिन्छ। निवेदकका यात्रुबाहक बसहरू निर्वाध रूपले सञ्चालन गर्न पाउने गरी भएको सम्मानित

सर्वोच्च अदालतको उक्त आदेशको कार्यान्वयन नगरी विपक्षीहरूले उक्त आदेशको अवज्ञा गरी अदालतको अवहेलना गरेको हुँदा विपक्षीहरूलाई सजाय गरिपाउँ भन्ने निवेदन जिकिर रहेकोमा निवेदकका वारेस हरिचन्द्र तिमल्सिनाले यस अदालतबाट तोकी पाएको मिति २०७३।३।१० को तारेख गुजारी बसेको मिसिल संलग्न तारेख भरपाईबाट देखिएको र कानूनले थाम्न थमाउन पाउने अवधिसमेत व्यतीत भइसकेकोले रिट निवेदन तामेलीमा राखिदिएको भन्ने बेहोराको मिति २०७३।५।३१ मा मूल रिट निवेदन ०७२-WO-०७४१ मा आदेश भएको देखिन्छ। यसरी निवेदकले मूल रिट निवेदनलाई नै वास्ता नगरी तारेखसम्म थामेको नभई रिट निवेदन तामेलीमा गइसकेको भन्ने देखिएको हुँदा सोही निवेदनमा भएको अन्तरिम आदेशको पालना नभएको भन्ने विषयको सान्दर्भिकतासमेत समाप्त भएको छ। सो हुँदा प्रस्तुत अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदनको समेत औचित्य समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल माघ १७ गते रोज ६ शुभम्।

१३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७३-WO-०४१६, उत्प्रेषण, महेश्वरप्रसाद र युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवासमेत*

वादी पक्षलाई समेत थाहा जानकारी भएको निवेदकको उक्त वैकल्पिक वतनमा पुनः म्याद जारी भएको भए मुलुकी ऐन, अ.बं. ११० नं. को देहाय ३(क)(ख)(ग) बमोजिम म्याद तामेल हुन सक्ने अवस्था देखिन आउँछ। तर सुरू अदालतबाट वादी पक्षलाई निवेदकको अर्को वतन खुलाउन लगाएको देखिएन। यसरी यी निवेदकको नाममा जारी भएको म्याद न त निजको नागरिकताअनुसारको स्थायी वतनमा जारी भएको देखियो न त निज कार्यरत रहेको वतनमा जारी भएको पाइयो। वादीले फिराद गर्दा सम्झौतामा उल्लिखित वतन उल्लेख गरेको दाबी लिए पनि उक्त वतनमा निवेदकको घरसमेत फेला नपरी म्याद बेपत्ते तामेल भएको देखिएको र सो वतन नै निवेदकको वास्तविक वतन हो भन्ने अन्य कागज प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

उपर्युक्तबमोजिम विवेचित आधार, कारणबाट वादी युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवा र प्रतिवादी यी निवेदक महेश्वरप्रसाद भएको करारबमोजिम रकम र क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने मुद्दामा यी निवेदकको नाममा पर्सा जिल्ला श्रीसिया गा.वि.स. वडा नं. १ को वतनमा जारी भएको म्याद बेपत्ते तामेल भई आएको देखियो। तत्पश्चात् अदालतबाट वादी पक्षलाई प्रतिवादीको अर्को वतन भए नभएको सम्बन्धमा खुलाउन लगाएको तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम सूचना प्रकाशन गरेको अवस्थासमेत देखिएन। निवेदकको स्थायी वतन पर्सा जिल्ला श्रीसिया गा.वि.स. वडा नं. १ भई निज हाल वीरगन्ज उपमहानगरपालिका वडा नं. १७ गण्डकचोक बहुअरी स्थित गण्डक हस्पिटलमा कार्यरत रहेको भन्ने मिसिलबाट देखिन आएको छ। यस स्थितिमा निजको वास्तविक वतनमा म्याद जारी नभएको कारण आफूउपर दायर भएको मुद्दामा प्रतिवाद गर्ने अवसरबाट वञ्चित हुनु प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिन आउने।

तसर्थ, निवेदन मागबमोजिम निवेदक महेश्वरप्रसादको नाममा जारी भएको म्याद बेपत्ते तामेल भई रूपन्देही जिल्ला अदालतबाट भएको

मिति २०७२।५।२३ को एकतर्फी फैसला तथा सोबमोजिमको बिगोको काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब निवेदकको नागरिकतामा उल्लिखित वतन वा निज कार्यरत रहेको वतनमा पुनः म्याद जारी गरी निजलाई प्रतिवाद गर्ने अवसर प्रदान गरी नियमानुसार पुनः फैसला गर्नु भनी रूपन्देही जिल्ला अदालतको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल माघ २८ गते रोज २ शुभम्।

१४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CI-१२६९, अंश चलन, अशोककुमार मिश्रसमेत वि. सुरेशप्रसाद मिश्र*

विवादित कि.नं.१३५ को जग्गा वादी सुरेशप्रसाद मिश्रले आफ्नो पैसाले किनेको तर नेपाली नागरिकताको अभावमा आफ्नो सालाको नाममा खरिद गरेको र नागरिकता प्राप्त गरेपश्चात् आफ्नो पत्नीको नाममा हालैदेखिको बकसपत्र गर्न लगाएको तथ्य स्थापित भएको छ र सोलाई अन्यथा जिकिर लिई प्रमाणित गरेको अवस्था पनि छैन। तसर्थ, तायदाती फाँटवारीमा “हालैदेखिको बकसपत्र” लेखिए पनि सो जग्गा वास्तविक स्रोत स्त्री अंश धनको महलको १ नं. अनुसारको स्त्री अंशधन नभई प्रत्यर्थी वादी सुरेशप्रसाद मिश्रले कमाएको निजी सम्पत्ति रहेको छ र सो सगोलको भई सम्पूर्ण अंशियारहरूमा समानरूपमा बन्डा लाग्ने हुने।

वादी-प्रतिवादीबिच रीतपूर्वक अंशबन्डा नभएको भनी मुख मिलेको अवस्था रहेको छ। माथिका प्रकरणहरूबाट विवादित जग्गा सगोलको हो भनी पुष्टि भइसकेकोमा कसैको नाममा जग्गा दर्ता हुनुसम्मलाई मात्र अंशबन्डा भएको भनी मान्न मिल्दैन। प्रमाण ऐन, २०३१ को दफा ६(क) ले अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको हो भनी अदालतले अनुमान गर्ने छ भनी व्यवस्था गरेको छ। तसर्थ, सगोलको सम्पत्ति भएको कारण सम्पूर्ण अंशियारहरूमा समानरूपमा बन्डा लाग्ने नै हुन्छ। सगोलको सम्पत्ति बुबाको नाममा होस् वा आमाको नाममा वा अन्य अंशियारहरूको नाममा, विधिवत्‌रूपले अंशबन्डा नगरेसम्म सो सम्पत्ति सम्पूर्ण अंशियारको हुन्छ। यसरी, दे.नं. ९७५ को जग्गा आफ्नो नाउँमा नामसारी गरिपाउँ मुद्दा केबल आफ्नो नाममा दर्ता गर्ने हेतुले गरेको भई सोले अंशबन्डा भएको भनी प्रमाणित गर्दैन। साथै कानूनी प्रश्नमा विबन्धनको सिद्धान्त आकर्षित हुन पनि सक्दैन। तसर्थ, सो मुद्दा फिर्ता लिँदैमा अंशबाट हक छोडेको हो भनी अनुमान गर्नु न्यायोचित नहुने।

पुनरावेदकले आफ्नो पुनरावेदनमा पुनरावेदन अदालत जनकपुरको फैसलालाई व्यावहारिक रहेको भनी स्वीकार गरेका छन्। जुन पिताले आफ्नो नाउँमा कुनै अंश सम्पत्ति नराखी सबै आफ्नो छोराहरूलाई दिए, त्यसमा वृद्धावस्थामा पुगेका पितालाई हेला गरी निजले कमाएको सम्पत्तिमा हक लाग्दैन भन्नु तर्कसङ्गत तथा न्यायोचित हुँदैन। अंश नैसर्गिक अधिकार हो र पैतृक सम्पत्ति मातापिताबाट हस्तान्तरण हुने भएकाले अन्यथा प्रमाणित नभएसम्म सोमा आमाबुबालाई नै भाग नदिई दोस्रो पुस्ताले बन्डा गर्नु न्यायोचित र व्यावहारिक देखिँदैन।

प्रत्यर्थीका साक्षी विश्वनाथ चौधरीले गरेको बकपत्रमा समेत सो जग्गामा प्रत्यर्थी वादीको हक हुने भनी फिराद दाबीलाई पुष्टि गरेको देखियो। साथै निर्वाचन आयोगबाट प्रकाशित मतदाता नामावलीमा यी प्रत्यर्थी वादीको घर संख्या नं.२८४ उल्लेख भएकोमा सो घर कि.नं.१३५ को जग्गामा भएको

तायदातीबाट प्रमाणित भएको । वादीले सो घरमा २०५१ सालदेखि बसोबास गर्दै आएको तथ्यलाई पुनरावेदकले अन्यथा जिकिर लिएर प्रमाणित गरेको अवस्था पनि छैन । यसरी, वर्षौंदेखि सोही जग्गामा बसोबास गरी जीवनयापन गरिरहेको र आफ्नो नाममा कुनै सम्पत्ति नरहेको तथा आफ्ना छोराहरूले हेर्नुपर्ने बेला वृद्धावस्थाका पितालाई हेला गरी सम्पत्तिको हकबाट वञ्चित गरेको तथा जीविकोपार्जनको कुनै वैकल्पिक उपाय नभएको हुँदा विवादित कि.नं.१३५ को जग्गाको ४ भागमध्ये १ भाग अंश दिने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसला न्यायोचित नै देखिने।

तायदाती फाँटवारीमा "हालैदेखिको बकसपत्र" लेखिएकै आधारमा शाब्दिक व्याख्या गरी स्त्री अंश धनको महलको ५ नं. बमोजिमको भई अंश नलाग्ने भनी फैसला गर्दा न्यायोचित हुँदैन । सो तथ्य र कानूनलाई शाब्दिक तवरले कठोर व्याख्या गर्दा विवेकरहित हुन जान्छ । यसरी, २०५१ सालदेखि आफैँले कमाएको सम्पत्तिमा "हालैदेखिको बकसपत्र" भन्ने शब्दले गर्दा मात्र अंश नलाग्ने भनी सम्पत्तिको हकबाट बञ्चित गर्नु विधायिकाको मनसायको विपरीत हुन जान्छ। यसरी वृद्धावस्थाका पिता, जसले विवादित जग्गामा २०५१ सालदेखि घर बनाई सोही स्थानमा बस्दै आफ्नो परिवार पाली आएको र आफ्नो नाउँमा केही पनि सम्पत्ति नराखी जीवनयापन गर्दै गरेको अवस्थामा जीवनको उत्तरार्द्धमा आई घर निकाला गर्ने, खानलाउनसमेत असहज गरेकोमा आफूलाई पाल्न कुनै आयस्रोत पनि नभएको अवस्थामा कानूनको शब्दलाई मात्र हेरी कठोर व्याख्या गरे सो फैसला न्यायसङ्गत नहुने हुँदा प्रत्यर्थी वादीले अंश पाउने होइन भन्नेसमेतको प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ, माथि उल्लिखित आधार कारणसमेतबाट प्रत्यर्थी वादीले एकासगोलको सम्पत्तिमा ४ भागको १ भाग अंश पाउने ठहराएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१/११/१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अनुजा शर्मा

इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम्।

१५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-WO-०२५४, उत्प्रेषण, प्रमोदकुमार चौधरी वि. उच्च अदालत पाटन ललितपुरसमेत*

उच्च अदालत पाटनमा परेको रिट निवेदनको जरियाबाट यस अदालतमा प्रस्तुत निवेदन परेको र सो रिट निवेदन उक्त अदालतबाट खारेज भइसकेको देखिन्छ। मूल मुद्दा नै खारेज भइसकेकाले प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको देखिन आयो । जहाँसम्म विपक्षी प्राधिकरणले दरखास्त स्वीकार गरिसकेपछि पूर्वयोग्यतामा अन्य योग्यता थप गरी आफूलाई परीक्षाका लागि अयोग्य ठहर गरेको भन्ने निवेदन दाबी छ, त्यस सम्बन्धमा निवेदकले भनेजस्तो योग्यता थप गरिएको नभई विज्ञ समूहको सिफारिसअनुसार तोकिएको योग्यतालाई प्रस्ट पारिएको मात्र हो, अनुसूची ६ मा तोकिएको योग्यता निवेदकको नभएको भन्ने विपक्षी नागरिक उड्डयन प्राधिकरणको कार्यालयको लिखित जवाफबाट देखिने।

यसरी, आफूसँग भएको योग्यता यो यति कारणले दरखास्तमा माग भएबमोजिमको भएको, विपक्षी नागरिक उड्डयन प्राधिकरणको कार्यालयबाट आफूलाई परीक्षामा सामेल नगराउने भनी भएको निर्णयबाट यो यस कानून वा संविधान प्रदत्त हक

अधिकार हनन भएको भनी स्पष्ट गर्न नसकेको अवस्थामा विपक्षी प्राधिकरणले आह्वान गरेको इलेक्ट्रोनिक्स एन्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ समूह, नवौं तह, खुल्ला प्रबन्धक पदमा निवेदकले दिएको दरखास्त रीतपूर्वकको नभएको भनी दरखास्त रद्ध हुने ठहराएको विपक्षी नागरिक उड्डयन प्राधिकरणको निर्णयलाई सदर गरी मूल निवेदन दाबी उच्च अदालत पाटनबाट मिति २०७४/१०/१५ मा नै खारेजसमेत भइसकेको र उक्त पदका लागि परीक्षाका सम्पूर्ण प्रक्रिया सम्पन्न भइसकेपश्चात् उम्मेदवारमध्येका सुन्दरप्रसाद पकुवाल नियुक्तसमेत भइसकेको देखिँदा प्रस्तुत निवेदनको औचित्य समाप्त भइसकेकाले निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल जेष्ठ २० गते रोज १ शुभम्।

- यसै लगाउको ०७४-WO-०३७९, उत्प्रेषण, प्रमोदकुमार चौधरी वि. उच्च अदालत पाटनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-CR-०३९३, सरकारी सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. भरतबहादुर बस्नेतसमेत*

प्रमाण ऐन, २०३१ को दफा २५ मा **"फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ"** भन्ने व्यवस्था रहेको छ । सो कानूनी व्यवस्थाअनुसार फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ । अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूउपरको कसुर शंकारहित तवरबाट पुष्टि गर्न सकेको नदेखिएको अवस्थामा शंकाको भरमा मात्र कसैलाई कसुरदार मान्नु न्यायोचित नहुने।

प्रतिवादीहरू भरतबहादुर बस्नेत र ऋषिराम जोशीको संलग्नतामा सरकारी सम्पत्ति हिनामिना भएको कुरा वादी पक्षले वस्तुनिष्ठ आधार र कारणबाट पुष्टि गर्न नसकेको अवस्थामा केवल शंकाको भरमा प्रतिवादीहरूलाई कसुरदार ठहर गराउनु मनासिब हुँदैन । यसरी प्रतिवादीहरूको मिलेमतोमा कसुर भएको हो भन्ने कुनै वस्तुनिष्ठ प्रमाणबाट नदेखिएकोले विशेष अदालतबाट प्रतिवादीहरू भरतबहादुर बस्नेत र ऋषिराम जोशीलाई कसुरबाट सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुँदा निज प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही बेहोराको उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी ऋषिराम जोशी र भरतबहादुर बस्नेतलाई सफाइ दिने गरी विशेष अदालतबाट मिति २०७२।११।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल भाद्र ३ गते रोज ३ शुभम्।

१७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-RB-०९७९, बैंकिङ कसुर, बालकृष्ण के.सी. वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी बालकृष्ण के.सी.ले

आफ्नो बैंक खातामा पर्याप्त मौज्दात रकम नरहेको कुराको जानकारी हुँदाहुँदै पनि जाहेरवालालाई रकम भुक्तानीको लागि चेक काटी दिएको र खातामा चेकलाई खाम्ने पर्याप्त रकम नभएको कारण चेक सटही हुन नसकी बैंकबाट चेक अनादर भएको देखिँदा उल्लिखित कानूनी व्यवस्था एवं मिसिल संलग्न प्रमाण कागजको आधारमा पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको ठहराई सजाय गर्ने गरेको उच्च अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

यसै सन्दर्भमा मन्दिरादेवी धुजु श्रेष्ठ विरूद्ध नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दा (ने.का.प. २०७६, अङ्क ४, नि.नं.१०२४१) मा यस अदालतबाट "**खातामा चेकमा उल्लेख गरिएबमोजिम पर्याप्त रकम नभएको भन्ने चेक जारी गर्ने व्यक्तिलाई चेक जारी गर्ने बेलामा थाहा जानकारी भएको र उक्त तथ्य थाहा हुँदाहुँदै निजले दोस्रो व्यक्तिलाई रकम उल्लेख गरी चेक जारी गरेको हो भने त्यस्तो कार्य जानी जानी गरेको मान्नुपर्ने हुन्छ। वस्तुतः चेक जारी गरिने तर चेक भुक्तानी हुन नसक्ने अवस्थाको पूर्वजानकारीसहित चेक काट्ने तथा त्यसको आधारमा भुक्तानी लिने दिने कार्यले नै कसुरलाई स्थापित गर्ने नगर्ने सम्बन्धमा भूमिका खेल्ने**" भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ। यी पुनरावेदक प्रतिवादीलाई आफ्नो खातामा चेक भुक्तानीको लागि मौज्दात रकम पर्याप्त नभएको पूर्वजानकारी हुँदाहुँदै जाहेरवालालाई चेक दिने कार्य गरेको हुँदा प्रस्तुत सिद्धान्त यस मुद्दामा समेत आकर्षित हुने देखिन्छ। तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा उच्च अदालत पाटनबाट यी पुनरावेदक प्रतिवादीले अभियोग मागदाबीअनुसारको कसुर गरेको ठहराई सजाय गर्ने गरी भएको फैसला मनासिब नै देखिँदा अभियोग दाबीबाट सफाइ दिलाइपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

अत: विवेचित आधार, कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी बालकृष्ण के.सी. ले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुर गरेकोले निजबाट सोही ऐनको दफा १५(१) बमोजिम जाहेरवालाको बिगो भराई निज प्रतिवादीलाई ५(पाँच) दिन कैद र बिगोबमोजिम रू.८,२०,०००/- जरिवाना हुने ठहराएको उच्च अदालत पाटनको मिति २०७५।११।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएको छ।

- *०७६-RB-००५३, बैंकिङ कसुर, शंकर काफ्ले वि. नेपाल सरकार*
- *०७६-RB-००१५, बैंकिङ कसुर, सुवर्ण मग्राती वि. नेपाल सरकार*
- *०७६-RB-००१४, बैंकिङ कसुर, सुवर्ण मग्राती वि. नेपाल सरकार*
- *०७६-RB-००१३, बैंकिङ कसुर, सुवर्ण मग्राती वि. नेपाल सरकार*
- *०७६-RB-००६८, बैंकिङ कसुर, श्यामकृष्ण कवाङ वि. नेपाल सरकार*
- *०७६-RB-००६९, बैंकिङ कसुर, श्यामकृष्ण कवाङ वि. नेपाल सरकार*
- *०७६-RB-००१२, बैंकिङ कसुर, सुमन गुरूङ वि. नेपाल सरकार*
- *०७६-RB-००२६, बैंकिङ कसुर, कोपिला रसाइली वि. नेपाल सरकार*

- *०७६-RB-००५०, बैंकिङ कसुर, अब्जल हुसैन वि. नेपाल सरकार*
- *०७५-RB-०७२३, बैंकिङ कसुर, सुधिरकुमार कर्माचार्य वि. नेपाल सरकार*
- *०७५-RB-०९६८, बैंकिङ कसुर, एकराज नेम्वाङ वि. नेपाल सरकार*

१८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०७१-CR-११६५, जबरजस्ती करणी, नकलाल थारू वि. नेपाल सरकार*

जाहेरवाला एवम् पीडित र मौकामा बुझिएकी विद्या चौधरीसमेतले कागज गर्दा यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी बकपत्र गरिदिएको, घटनास्थलबाट पीडितको हरियो सुरूवालसमेत बरामद भएको र सो बरामदी हरियो सुरूवाल आफ्नो हो भनी पीडितले सनाखत गरेको देखिन्छ । पीडितले यस अदालतमा बकपत्र गर्ने क्रममा यिनै प्रतिवादीले आफूउपर पाप गरेको भनी देखाई सनाखतसमेत गरिदिएको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण गराउँदा निजको गुप्ताङ्गलगायतका अङ्गहरूमा घाउ हुनुका साथै स्तनहरूमा पनि कोतारिएका घाउ देखिएका छन् । पीडितले गरेको कागजमा उल्लेख भएअनुसार प्रतिवादीको अनुहारमा पनि कोतरिएका घाउ देखिन्छन् । यो वारदातभन्दा पहिले जाहेरवाला र प्रतिवादीका बिचमा कुनै प्रकारको रिसइवी रहेको भन्ने पनि देखिँदैन । बाटो बिराएकी यी पीडितलाई निजको आफन्तकहाँ पुर्‍याइदिन्छु भनी प्रतिवादीले लगी गएकोमा भोलिपल्ट पीडित नाङ्गै अवस्थामा फेला परेपछि सोधपुछ गर्दासमेत यी प्रतिवादीले जबरजस्ती करणी गरेको भनी देखाएको अवस्था हुँदा निज प्रतिवादी नकलाल थारूले नै पीडित सङ्केत नं.९ अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेको तथ्य मिसिल संलग्न सम्पूर्ण कागजातबाट स्थापित भइरहेको देखियो । यस स्थितिमा प्रतिवादीले गरेको इन्कारी बयानलाई मात्र आधार मानी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा पनि पीडित स्वयंले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी अदालतमा आई गरेको बकपत्र वारदातको पहिलो कडीको रूपमा रहेको र पीडितको गुप्ताङ्गलगायतका अङ्गहरूमा घाउ हुनुका साथै स्तनहरूमा पनि कोतारिएका घाउ देखिएको भन्ने निजको स्वास्थ्य परीक्षण प्रतिवेदन वारदातको अर्को कडीको रूपमा रहेको देखिएबाट यी प्रतिवादीले पीडित सङ्केत नं.९ की अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुन आयो । जहाँसम्म पीडित अपाङ्ग भएको प्रमाणित नभएको भनी यस अदालतबाट अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएको छ । सो सन्दर्भमा विचार गर्दा जाहेरी दरखास्तबाट मुद्दाको सुरूवात भएदेखि अनुसन्धानको क्रममा सङ्कलित सम्पूर्ण प्रमाणबाट पीडित सुस्त मनस्थितिकी अपाङ्ग महिला भन्ने पुष्टि भएको निज प्रतिवादी स्वयंले नै सो कुरा स्वीकार गरेको र प्रतिवादीको सोसम्बन्धी जिकिर पनि नरहेकोले निज प्रतिवादीलाई आरोपित कसुर गरेको ठहर गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७०/१२/१८ मा भएको फैसला मनासिब देखिँदा प्रतिवादीको पुनरावेदन जिकिर एवम् यस अदालतबाट प्रत्यर्थी झिकाउन लिएका आधारहरूसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट मिति २०६९/८/२१ गते प्रतिवादी नकलाल थारूले परिवर्तित नाम सङ्केत नं.९ की अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेको तथ्य जाहेरी एवम् जाहेरवालाको बकपत्र, पीडितले मौकामा गरेको

घटना विवरण कागज तथा प्रतिवादीलाई चिनी गरेको सनाखत कागज एवम् अदालतमा आई गरेको बकपत्र र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट स्थापित भएको देखिँदा निज प्रतिवादी नकलाल थारूलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद र अपाङ्ग महिलालाई करणी गरेबापत ऐ. महलको ३(क) नं. अनुसार थप ५ वर्ष कैद गरी जम्मा १० वर्षको कैद सजाय हुने र प्रतिवादीबाट पीडितलाई ऐ. महलको १० नं. अनुसार रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने गरी सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०६९/११/२० मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७०/१२/१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल साउन २७ गते रोज २ शुभम्।

१९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७५-CR-११४९, कर्तव्य ज्यान, सीता परियार वि. नेपाल सरकार*

पोष्टमार्टम रिपोर्टबाट बच्चा जन्मिँदा जीवितै जन्मिएको र निजलाई जन्मिँदा बित्तिकै दिनुपर्ने आवश्यक हेरचाह (Proper and due Care) नदिएको कारणबाट मृत्यु हुन पुगेको देखिएसमेतबाट प्रतिवादी सीता परियारले बच्चा जन्मिएपश्चात् आवश्यक हेरचाह नगरी फालिदिएको अवस्था देखिने।

प्रतिवादीको बच्चा फालेको कसुरमा स्वीकारोक्ति बयान तथा लापरवाहीसम्म भएको हो भनी लिएको पुनरावेदन जिकिरसमेतबाट आफ्नै कारणबाट बच्चाको मृत्यु भएको कुरालाई पूर्णरूपमा स्वीकार नै गरेको देखिन्छ। तथापि प्रतिवादीले गर्भ रहेको सम्बन्धमा र बच्चा जन्मिने विषयमा कसैलाई नभन्नु, हस्पिटल नजाने तथा जन्मेपश्चात् आवश्यक हेरचाह नगरी एकान्त स्थलमा नवजात शिशुलाई भिरबाट फ्याँक्ने जस्ता कार्य गरेको समग्र घटना परिस्थितिले देखाउँछ । त्यसैगरी बच्चा जन्मिने बित्तिकै निज प्रतिवादीले कसैसँग सहयोग मागी हस्पिटल लगेको अवस्थामा बच्चा जीवित हुन सक्ने अवस्थालाई समेत नकार्न सकिँदैन। प्रतिवादी सागर पौडेलसँगको अवैध शारीरिक सम्बन्धका कारण प्रतिवादी सिता परियार गर्भवती भई बच्चालाई जन्म दिएकोमा अन्यथा देखिँदैन। अवैध सम्बन्धका कारण बच्चा जन्मिएको हुँदा प्रतिवादी सीता परियारले उक्त बालक जन्मने बित्तिकै फालिदिएको तथ्य स्थापित भई निज प्रतिवादीले लापरवाही मात्र गरेको नभई अवैध सम्बन्धका कारण जन्मिएको बच्चालाई जीवित नै फालेको भन्ने तथ्य पुष्टि हुन आएको देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८ नं. ले जन्मेको जिउँदो बालक बालिका फाल्नेलाई चार वर्ष कैद गर्नुपर्छ । सो बालक बालिका मरेको भए ज्यानमारासरह सजाय गर्नुपर्छ भन्ने व्यवस्था गरेको देखिन्छ। यी प्रतिवादी सीता परियारले जीवित बच्चा फालेको र सोही कारणबाट बच्चाको मृत्यु हुन पुगेको कुरा पुष्टि हुन आएकोले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८ र १३(३) नं. बमोजिमको कसुर गरेको देखिने।

अतः प्रतिवादी सीता परियारलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १८ र १३ (३) नं. बमोजिमको कसुरमा सोही महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहरी भएको सुरू फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७५।३।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

अब अ.बं. १८८ नं. बमोजिम दिएको राय सम्बन्धमा हेर्दा प्रतिवादी सीता परियारले लोग्ने विदेश रहेको बेलामा अर्का प्रतिवादी सागर पौडेलसँग यौन सम्पर्क राखेको अवस्थामा गर्भधारण गरेको र बच्चालाई जन्म दिएको अवस्था देखिन्छ । अवैध सम्पर्कबाट गर्भधारण गरेको कारणले यी प्रतिवादीले गर्भका सम्बन्धमा कसैलाई भन्नसमेत नसकेको तथा अस्पताल गई बच्चा जन्माउने जस्ता कार्यसमेत गर्न असमर्थ देखिन्छ । प्रतिवादी धादिङ जिल्लाको दुर्गम स्थानमा बस्दै आएकी, बच्चालाई लालन पालन गरी उसको हक अधिकार दिलाउन सक्ने आत्मविश्वास निजमा नरहेको तथा बच्चाको बारेमा सबैले थाहा पाएको अवस्थामा निजले सहनुपर्ने सामाजिक मानसिक अवहेलना, लोक लाज तथा समाजले देखाउन सक्ने घृणासमेतको अनुमान गरी अस्थिर मानसिक अवस्था र प्रसव पीडाको अवस्थामा निजले अवैध गर्भबाट जन्मिएको नवजात शिशुलाई जन्मिएपश्चात् फालेकोसमेत देखिएबाट यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुँदा यी प्रतिवादी सीता परियारलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम २ वर्ष ७ महिना कैद सजाय हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति सवंत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम्।

२०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७४-CR-१७६६, कर्तव्य ज्यान, नेपाल सरकार वि. रमेश भन्ने हिराबहादुर घर्ती मगर*

प्रतिवादी हिराबहादुर घर्तीमगरले आफ्नै श्रीमती मृतक हरिकला घर्ती मगरलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी वा कारण केही पुष्टि हुन सकेको छैन । वारदातका दिनसम्म दुवैजना सँगै एउटै परिवारमा एकैसाथ २ छोराहरूसँग साथै बस्दै आएको देखिन्छ । श्रीमतीलाई मार्नका लागि यो यसरी कसुर घटाउने भनी प्रतिवादी हिराबहादुरले कुनै पूर्वयोजना वा तयारी केही गरेको पुष्टि हुँदैन । जाहेरवाला भुनबहादुर घर्तीमगरले प्रतिवादीले आफ्नै श्रीमतीलाई मार्नुपर्ने अरू कारण केही छैन रक्सीकै कारण हो भनी बकपत्रमा खुलाइदिएका छन् । घटना घट्नुभन्दा अगाडि दुवैले सँगै बसी रक्सी खाएको र रक्सी खाएपश्चात् श्रीमतीसँग झगडा हुँदा तत्कालै भेटिएको बेलौतीको लौरोले हानेको देखिन्छ । प्रतिवादीले बयान गर्दा आफूले टेक्दै आएको लट्ठीले हानेको हुँ भनी बेहोरा खुलाएका छन् भने जाहेरवालाले समेत प्रतिवादीले बेलौतीको लौरोले हानेका हुन् भनी बकपत्रमा लेखाइदिएका छन् । यसले प्रतिवादीले कुनै जोखिमी हतियारले हानेको पनि देखिएको छैन । मार्छु नै भनी मनसाय राखेको व्यक्तिले अन्य घातक हतियारले प्रहार गर्ने स्वाभाविक हुन्छ । तत्कालको रिसको आवेशमा प्रतिवादीले आफूसँग रहेको काठको लौरोले प्रहार गरेको र सोही चोटका कारणले मृतक हरिकला घर्तीमगरको मृत्यु हुन पुगेको देखिने।

प्रतिवादीले तत्कालको रिसमा लौरोले हानेको देखिएको र उक्त चोटले श्रीमतीको मृत्यु नै हुन्छ भनी पूर्वजानकारी राखेको अवस्थासमेत नदेखिएको हुँदा प्रतिवादीले सोची बुझी पूर्वमनसाय राखी श्रीमतीको कर्तव्य गरेको भन्ने पुष्टि हुँदैन । घटना तत्कालको रिसको आवेशमा भएको पुष्टि हुँदा सोहीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कसुर कायम गरी सजाय गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला अन्यथा देखिन नआउने।

अतः प्रतिवादीले तत्कालको रिसको

आवेशमा काठको लौराले प्रहार गर्दा मृतक श्रीमती हरिकला घर्तीमगरको मृत्यु हुन पुगेको देखिँदा वारदात तत्कालको रिसको आवेशमा भएको पुष्टि हुन आएको हुँदा प्रतिवादी हिराबहादुर घर्तीमगरलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुरमा सोही १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी भएको सुरू गुल्मी जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।५।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम्।

२१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७४-CR-१७८३, ०७५-CR-०२५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. गंगाराम चौधरी, विरू भन्ने वीरबहादुर चौधरीसमेत वि. नेपाल सरकार*

घटना भएको लगत्तै प्रतिवादीहरू फरार रहेको अवस्था देखिन्छ । कसुर नगरेको व्यक्ति भाग्नुपर्ने अवस्था नै नहुने हुँदा प्रतिवादीहरूले कसुर गरेको कारणले नै निजहरू भागी फरार भएको देखिन्छ। घटनाक्रमले मृतक मेलाराम सुरूमा झगडा भएदेखि नै प्रतिवादीहरू खुसीराम र वीरबहादुरको नियन्त्रणमा नै रहेको देखिन्छ । प्रतिवादीहरू खुसीराम र वीरबहादुरले अनुसन्धानको क्रममा वारदातलाई पूर्णरूपमा स्वीकार गर्नु तथा सहप्रतिवादी गंगाराम चौधरीसमेतले खुसीराम र वीरबहादुरले मृतकलाई मारी फालेको भनी भनेका थिए भनी बयान गर्नुसमेतले यी प्रतिवादीहरूले अदालतमा इन्कारी जिकिर लिए पनि अनुसन्धानको क्रममा खुलाएको स्वीकारोक्ति बयान नै साँचो र सत्य रहेको देखिएको छ । यसै सन्दर्भमा ने.का.प. २०६६, अङ्क ४, नि.नं. ८११५, कर्तव्य ज्यान मुद्दामा व्याख्यासमेत भएको देखिन्छ । सो हुँदा घटना परिस्थितिको समग्रताले प्रतिवादीहरूको अनुसन्धानका क्रममा भएको बयानलाई समर्थन गरेको देखिएको हुँदा यी प्रतिवादीहरू खुसीराम चौधरी र वीरबहादुर चौधरीकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आउने।

प्रतिवादी गंगाराम चौधरीको कसुरमा संलग्नताको सम्बन्धमा हेर्दा प्रतिवादी अनुसन्धानको क्रममा र अदालतसमक्षको बयानमा कसुरमा इन्कार रहेका छन् । सुरूमा खुसीराम र मेलारामको झगडा परेपछि यिनी गाउँमा खबर गर्न आएको देखिन्छ । यिनले नै गाउँलेहरूलाई खबर गरेपछि प्रतिवादी वीरबहादुर र अन्य गाउँले कुटपिट भएको घटनास्थलमा पुगेका छन्। अन्यप्रतिवादीहरूलेसमेतअनुसन्धानकोक्रममा कसुरमा साबित रही बयान गर्दा होस् वा अदालतमा इन्कारी बयान गर्दा होस् यिनलाई पोल गरेका छैनन्। सुरू झगडामा र रातिको कुटपिट दुवै घटनामा यिनको संलग्नता पुष्टि हुन सकेको छैन। मौकामा कागज गर्ने तथा अदालतमा बकपत्र गर्ने साक्षीहरू कसैले पनि यी प्रतिवादीलाई किटान गरी लेखाएका छैनन । सुरूमा झगडा हुँदा खुसीराम र मृतक मेलारामबिच झगडा भएको र पछिबाट वीरबहादुर घटनास्थलमा आएपश्चात् खुसीराम र वीरबहादुरले कुटपिट गरेका छन् । कसुरमा यी प्रतिवादीको संलग्नता रहेको अवस्थामा खुसीराम र वीरबहादुरले आफूले कसुर स्वीकार गर्दा यिनलाई पोल

नगरी बचाउनुपर्ने कुनै आधार र कारण देखिँदैन । यी प्रतिवादी कुटपिट हुँदा सँगै रहेका र घटना लगत्तै फरार भएको हुँदा यिनको समेत संलग्नता रहेको भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा घटनापछि फरार हुनु मात्र कसुर पुष्ट्याईं हुनका लागि पर्याप्त आधार बन्न नसक्ने।

प्रतिवादी गंगारामले खुसीराम र वीरबहादुर मिली मृतकलाई मारी फालेको भनी खुसीरामले भनेपछि डराएर भागेको भन्ने जिकिर लिएका छन् । मृतक र खुसीरामबिच सुरू झगडा हुँदा यी प्रतिवादीसमेत सँगै रहेको हुँदा यी प्रतिवादी डराएको हुन सक्ने कुरालाई समेत नकार्न सकिँदैन । सो हुँदा म डराएको हुँदा फरार भएको हुँ भनी निजले लिएको जिकिरसमेत अस्वाभाविक देखिँदैन । त्यसैगरी मिसिल संलग्न कुनै कागज प्रमाणले प्रतिवादीले मृतकलाई हात मुक्का वा अन्य कुनै वस्तुले चोट छाडेको देखिँदैन। सुरू कुटपिटमा घटनास्थलमा उपस्थित हुनु मात्र कसुर कायम हुनका लागि पर्याप्त हुन सक्दैन भने मृतकको मृत्यु सुरूमा भएको कुटपिटबाट भएकोसमेत देखिँदैन। उक्त कुटपिटपछि मृतकलाई खुसीरामको घरमा ल्याएर राखिएको र त्यस समयसम्म निज जीवितै रहेको देखिन्छ । राति भएको कुटपिटमा यिनको उपस्थितिसम्म पनि पुष्टि हुन सकेको छैन। अतः घटनास्थलमा उपस्थितिले मात्र कसुर पुष्टि हुन नसक्ने हुँदा यी प्रतिवादीको कसुरमा संलग्नता पुष्टि हुन आएन। सुरू घटनामा अन्य प्रतिवादीहरूसँग सँगै रहनु र घटना लगत्तै फरार हुनुले यिनको समेत कसुरमा संलग्नता रहेको छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू खुसीराम चौधरी र वीरबहादुर चौधरीको कुटपिटबाट मृतक मेलाराम रानाको मृत्यु भएको र अर्का प्रतिवादी गंगाराम चौधरीको वारदातमा संलग्नता नरहेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरू खुसीराम चौधरी र वीरबहादुर चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादी गंगाराम चौधरीले आरोपित कसुरमा सफाइ पाउने गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत दिपायलबाट भएको मिति २०७४।११।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम्।

२२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७५-CR-१२९९, कर्तव्य ज्यान, रिदम भन्ने नेत्र गिरी वि. नेपाल सरकार*

प्रतिवादीले लिएको भवितव्य परी दुःखद घटना घट्न पुगेको हो भन्ने पुनरावेदन जिकिरलाई विवेचना गरी हेर्दा प्रतिवादीले मृतक कान्छा दाइ भन्ने विकासले निजलाई गालीगलौज गरेको हुँदा फलामको स्प्रीङ पत्तिले पहिले टाउकोमा नाकको आसपासमा प्रहार गरेको, दोस्रो पटक घाँटीमा प्रहार गरेको त्यसपछि मृतकको चोटबाट धेरै रगत बग्न थालेको, त्यसपछि तेस्रो पटक पनि प्रहार गरेको तर कहाँ लाग्यो थाहा नभएको, त्यसपछि मृतकको मृत्यु भएको भनी प्रतिवादीले सुरू अदालतमा बयान गर्दा बेहोरा खुलाएको देखिन्छ । त्यसैगरी प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन पत्रमा समेत निज

प्रतिवादीले मृतकलाई तेस्रो पटकसम्म प्रहार गरेको र त्यसपछि मृतकको मृत्यु भएको कुरालाई उल्लेख गरेको देखिन्छ । प्रतिवादीले मृतकको टाउको, घाँटीलगायत संवेदनशील अङ्गहरूमा फलामको स्प्रीङ पत्तिले पटकपटक प्रहार गरेको देखिन्छ । फलामको पाताले टाउको घाँटीलगायत अङ्गमा पटकपटक प्रहार गर्दा मानिसको मृत्यु हुन सक्दछ भन्ने कुरामा प्रतिवादी अवगत नभएको भन्ने अवस्था रहेको देखिँदैन । त्यसैगरी मृतकले गाली गलौज गर्दा प्रतिवादीले हात मुक्काले कुटपिट गर्ने वा एक पटक मात्र प्रहार गरेको अवस्थासमेत नभई फलामको स्प्रीङ पाताले पटकपटक प्रहार गरी मृतकको मृत्यु भएपछि मात्र कोठाबाट निस्किएको भन्ने प्रतिवादी स्वयंले खुलाएको तथ्यबाट पुष्टि हुँदा प्रतिवादीले जिकिर लिएजस्तो भवितव्य भई वारदात घट्न गएको अवस्था देखिन नआउने।

प्रस्तुत वारदातमा प्रतिवादीद्वारा कुनै कारणवश झुक्किएर लागेको वा प्रहार गर्न नखोज्दा नखोज्दै लाग्न पुगेको अवस्था देखिँदैन भने प्रतिवादीले सो जिकिरसमेत लिएको देखिँदैन । मृतकको ज्यानसमेत जान सक्छ भन्ने कुराको पूर्वजानकारी भई प्रहार गर्दा मृतकको मृत्यु हुन पुगेको र पटकपटक प्रहार गर्नुले प्रतिवादीले पूर्वरिसइवीको कारणले तथा पूर्वयोजना बनाई कर्तव्य गरेको नदेखिएको अवस्थामा समेत तत्कालै भए पनि प्रतिवादीमा मृतकलाई मार्नेसम्मको मनसाय सिर्जना भएको देखिन आएको छ । प्रतिवादीले मनसायपूर्वक नै कर्तव्य गरेको पुष्टि हुन आएको हुँदा भवितव्य घटना भनी प्रतिवादीले लिएको जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीकै कर्तव्यबाट मृतक विकाश नाम गरेको मानिसको मृत्यु हुन गएको पुष्टि भई प्रतिवादीले अभियोग दाबीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीलाई सोही महलको १३(१) नं. बमोजिम सजाय हुनुपर्ने देखिन आयो । तथापि, समग्र घटना परिस्थितिको विवेचना गरी हेर्दा प्रतिवादीको मृतकसँग पूर्वरिसइवी तथा पूर्वयोजना बनाइ कर्तव्य गरेको भन्ने पुष्टि हुन सकेको देखिएन । वारदातपछि प्रतिवादी आफैँ प्रहरीमा गई सूचना दिई मौकामा तथा सुरू अदालतमा बयान गर्दासमेत यथार्थ घटना विवरण बताई अनुसन्धान र न्याय सम्पादनको प्रक्रियालाई सहयोग गरेको देखिन्छ । मृतक कान्छा दाइ भन्ने विकास बाटोमा लडिरहेको अवस्थामा आफू सुत्ने ठाउँमा लगी सुताउन खोजेको र मृतकले गालीगलौज गर्दा रक्सीको नशामा रहेको अवस्थामा घटना घट्न पुगेको अवस्था उजागर भई आएको देखिन्छ । घटनाको समग्र अवस्था र परिस्थितिअनुसार प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरी ऐनबमोजिम सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम प्रतिवादीलाई १२ (बाह्र) वर्ष कैदको सजाय हुनका लागि राय जाहेर गर्ने गरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४।१०।२९ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति सवंत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम्।

२३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-CI-०१०१, ०७२-CR-*

०१०२, घर भत्काई चलन चलाई पाऊँ, मु.स. गर्ने विष्णुभक्त श्रेष्ठ वि. डोरबहादुर घिमिरे, डोरबहादुर घिमिरे वि. लक्ष्मी श्रेष्ठ

वादीको कि.नं.२५१ को जग्गाको स्रेस्ताअनुसारको क्षेत्रफल ०-५-०-० रहेको देखिन्छ । तर, न.नं.८ को क्षेत्रफल ०–४–०–३१/२ जग्गा मात्र वादीले निर्विवाद भोग गरेको छ भने न.नं.९ र १० को क्षेत्रफल ०–०–२–२१/२ वादीको जग्गा बाटोमा परेको देखिन्छ । न.नं.६ र ७ विवादित जग्गाको क्षेत्रफल ०–०–१–० रहेको देखिन्छ । सो विवादित जग्गासमेत वादीको कि.नं.२५१ मा समावेश गरी सबै क्षेत्रफलको योगफल हेर्दा ०–५–०–११/२ जग्गा कायम हुन आउँछ । वादीको कि.नं.२५१ को क्षेत्रफलभन्दा केही जग्गा बढी हुन आउने देखिन्छ । यसरी न.नं.६ को क्षेत्रफल ०-०-०-२ जग्गा वादीको कायम गर्दा दाबीभन्दा बढी जग्गा वादीको कायम हुन जाने देखिन आउँछ । त्यसै गरी प्रतिवादीको कि.नं.२५८ को जग्गाको स्रेस्ताअनुसार क्षेत्रफल ०-२-३-० रहेकोमा न.नं. ५ को क्षेत्रफल ०-२-१-३ जग्गा मात्र प्रतिवादीको भोगमा रहेको पाइन्छ । प्रतिवादीको कि.नं.२५८ को जग्गा स्रेस्ताभन्दा कम हुन जाने देखिएको छ । न.नं.६ को जग्गा वादीको कायम नहुँदा हुने क्षेत्रफल ०–०–०–१/२ जति जग्गा मात्र वादीको कम हुने देखिन्छ । सो कम भएजति जग्गा न.नं.६ बाट यकिन गरी छुट्याउन मिल्ने न्यूनतम एकाइमा नभएको समेत हुँदा न.नं.६ को जग्गा वादीको कायम गर्न मिल्ने देखिन आएन । न.नं.७ को जग्गा वादीको कायम नहुँदा वादीको स्रेस्ताभन्दा कम हुने देखिन आउँछ । सो न.नं.७ को जग्गामा प्रतिवादीले घर बनाएको देखिएको भन्ने नक्सा मुचुल्काबाट पुष्टि भइरहेको देखिँदा न.नं.७ को वादीको जग्गा मिची प्रतिवादीले खिचोला गरेको ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१।१९ मा भएको फैसला मनासिब देखिँदा वादी र प्रतिवादीको पुनरावेदन जिकिर एवम् यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट न.नं. ७ को जग्गा वादीको कि.नं.२५१ भित्रको देखिएको र सो न.नं.७ को जग्गा मिची प्रतिवादीले खिचोला गरेको भन्ने सुरू अदालतबाट भई आएको नक्सा मुचुल्काबाट देखिँदा न.नं. ६ को जग्गा खिचोला ठहऱ्याएको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।८।१८ मा भएको फैसला केही उल्टी भई न.नं. ७ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहरी सो न.नं. ७ मा परेको जति घर भत्काई वादीले चलनसमेत पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।०१।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल साउन २९ गते रोज ४ शुभम् ।

२४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-CR-०८८५, सवारी ज्यान, नेपाल सरकार वि. विज्ञान के.सी.*

प्रतिवादी विज्ञान के.सी.ले आफूले सवारी चालक अनुमतिपत्र नलिई चलाएको मोटरसाइकलले राजु लामाले चलाएको साइकललाई ठक्कर दिई घाइते भएपछि उपचारको क्रममा घाइते राजु लामाको मृत्यु भएको कुरा स्वीकार गरेका छन् । उक्त स्वीकारोक्तिलाई जाहेरी दरखास्त र

मौकामा बुझिएका मानिसले गरेको घटना विवरण कागजबाट समर्थन भएको देखिन्छ । सवारी चालक अनुमतिपत्रविना प्रतिवादी विज्ञान के.सी. ले लापरवाहीपूर्ण तरिकाले बढी गतिमा चलाएको मोटरसाइकलको ठक्करबाट साइकल यात्री चालक राजु लामा घाइते भई उपचारको क्रममा सोही चोट पीडाको कारण निजको मृत्यु भएको भन्ने तथ्य प्रतिवादीको बयान, जाहेरी दरखास्त, बुझिएका मानिसले गरेको घटना विवरण कागज, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट र सडक दुर्घटना प्रतिवेदनसमेतबाट स्थापित भई निज प्रतिवादी विज्ञान के.सी.ले आरोपित कसुर गरेको देखिने।

प्रतिवादी विज्ञान के.सी.ले आफूसँग मोटरसाइकल चलाउने अनुमति पत्र नलिई लापरवाहीपूर्वक सवारी चलाई साइकल यात्री राजु लामालाई ठक्कर दिई घाइते भएपछि उपचारको क्रममा घाइते राजु लामाको मृत्यु भएको भन्ने तथ्य निजले मौकामा र अदालतमा गरेको बयान, जाहेरी दरखास्त, बुझिएका मानिसले गरेको घटना विवरण कागज र घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का र पोष्टमार्टम रिपोर्टसमेतबाट पुष्टि भइरहेको देखिन्छ । त्यसरी प्रतिवादी विज्ञान के.सी.ले आरोपित कसुर गरेको पुष्टि भएको अवस्थामा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) र उपदफा (४) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी सोही दफा १६१ को उपदफा (३) र उपदफा (४) बमोजिम सजाय हुने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।६।२८ मा भएको फैसलामा निज प्रतिवादीले सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराएको देखिँदा सोही दफा १६१ को उपदफा (४) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मनासिब नै देखियो । तर निज प्रतिवादी विज्ञान के.सी.ले सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराएको देखिइरहेको अवस्थामा निजले लापरवाहीपूर्वक चलाएको मान्नुपर्ने हुँदा प्रतिवादीलाई ऐ.दफा १६१ को उपदफा (३) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मिलेको देखिन नआउने।

अत: माथि विवेचित आधार, कारणबाट प्रतिवादी विज्ञान के.सी.ले आफूसँग मोटरसाइकल चलाउने अनुमति पत्र नलिई सवारी चलाई दुर्घटना गराएको तथ्य स्थापित भएको देखिँदा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) बमोजिम एक महिना कैद र दुई हजार रूपैयाँ जरिवानासमेत हुने तथा निजले सवारी चालक अनुमतिपत्र प्राप्त गरेको नदेखिँदा सोही दफा १६१ को उपदफा (४) बमोजिम थप दुई हजार रूपैयाँ जरिवानासमेत हुने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।६।२८ मा भएको फैसलामा निज प्रतिवादीलाई ऐ.दफा १६१ को उपदफा (४) बमोजिम दुई हजार रूपैयाँ जरिवाना भएको हदसम्म उक्त फैसला मिलेको देखिँदा सदर हुने र ऐ.दफा १६१ को उपदफा (३) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी विज्ञान के.सी.लाई ऐ.दफा १६१ को उपदफा (२) बमोजिम दुई वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम्।

२५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-CR-१०९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. मुनाल थापा मगर*

प्रतिवादीले दाजुलाई एक पटक उत्तिसको दाउरोले टाउकोमा प्रहार गरेको भन्ने तथ्य स्वीकार गरी मौकामा बयान गरेका छन्। मृतकको मृत्यु टाउकोमा लागेको चोटको कारणबाट भएको भन्ने लास जाँच प्रतिवेदनमा उल्लेख भएको र मृतकको लास जाँच गर्ने विशेषज्ञ डाक्टरले गरेको बकपत्रसमेतबाट मृतकको मृत्यु टाउकोमा परेको चोटकै कारणबाट भएको भन्ने देखिएको र प्रतिवादीले आफ्नै दाजुलाई मार्नुपर्ने पूर्व इवीलाग वा मनसाय नरहेको, मासुका विषयमा भएको सामान्य झगडामा प्रतिवादीले होस नपुऱ्याई हेलचेक्र्याईंका साथ एक पटक उत्तिसको दाउराले टाउकोमा हानेको चोटको कारण आफ्नै दाजुको मृत्यु हुन गएको देखिँदा भवितव्य ज्यानको कसुर ठहर हुने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट मिति २०७२।३।२० मा भएको फैसला मनासिब देखिँदा प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७२।७।२४ मा भएको आदेश तथा विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित आधार, कारणबाट यी प्रतिवादी मुनाल थापामगरले आफ्नै दाजु प्रदिप थापामगरलाई मार्नुपर्ने पूर्वइवीलाग वा मनसाय नरहेको, मासुका विषयमा भएको सामान्य झगडामा प्रतिवादीले होस नपुऱ्याई हेलचेक्र्याईंका साथ एक पटक सामान्य उत्तिसको दाउराले टाउकोमा हानेको चोटको कारण आफ्नै दाजुको मृत्यु हुन गएको देखिन आएकोले प्रतिवादी मुनाल थापामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. ले परिभाषा गरेको भवितव्य ज्यानको कसुरमा ऐ. महलको ६(४) नं. बमोजिम पाँच सय रूपैयाँ जरिवाना र दुई वर्ष कैद सजाय हुने गरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७१।९।२९ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट मिति २०७२।३।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम्।

२६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७६-WH-०३१९, बन्दीप्रत्यक्षीकरण, रामकुमार शाह वि. जिल्ला प्रहरी कार्यालय, धनुषा*

निवेदक शिवदेव शाहलाई उपर्युक्त उल्लिखित बैंकिङ कसुर मुद्दाहरूमा पुनरावेदन गर्ने म्याद हुँदाहुँदै गैरकानूनी रूपले पक्राउ गरी थुनामा राखिएको भन्ने निवेदन जिकिर सम्बन्धमा विचार गर्दा यी रिट निवेदकले उच्च अदालत पाटनबाट भएको फैसलाअनुसार आफूलाई लागेको जरिवाना तिर्न बुझाउन नसकेको हुँदा उक्त जरिवानाको लगत रहेको विपक्षी धनुषा जिल्ला अदालतबाट मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कानूनी व्यवस्थाबमोजिम कैदमा बस्नको लागि कैदी पुर्जी दिइएको देखिन्छ। निजले उक्त बैंकिङ कसुर मुद्दाहरूमा पुनरावेदन गर्ने म्याद रहेको भन्ने

आधारमा फैसलाअनुसार लागेको बेरूजु जरिवाना असुलउपर गर्न नमिल्ने भन्न कानूनसङ्गत हुँदैन। यी निवेदकले उच्च अदालतबाट भएको फैसलामा चित्त नबुझे सो फैसलाउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को (४) बमोजिम उक्त फैसलाअनुसार आफूलाई भएको सजायबापत धरौट वा जमानत दिई कानूनले निर्धारण गरेको प्रक्रियाबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन गर्नुपर्ने हुन्छ। सो मार्ग अवरूद्ध भएको आधार र कारण निवेदकले देखाउन सकेको पाइएन । यसरी कानूनद्वारा तोकिएको प्रक्रियाबमोजिम आएमा अदालतले त्यस्तो सुविधा दिनु पर्ने नै हुन्छ । सो वैकल्पिक उपचारको सामान्य कानूनी व्यवस्था विद्यमान हुँदाहुँदै यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्न मिल्ने देखिँदैन । यी निवेदक शिवदेव शाहलाई उक्त फैसलाहरूले लागेको जरिवाना तिर्न बुझाउन नसकेको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कानूनी व्यवस्थाबमोजिम कैदी पुर्जी दिई कैदमा राख्न कारागारमा पठाइएको देखिने।

अतः उल्लिखित आधार, कारण र कानूनी व्यवस्थासमेतको आधारमा निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदक शिवदेव शाहलाई थुनामुक्त गर्न सकिने अवस्था देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल चैत्र २४ गते रोज २ शुभम्।

इजलास नं.२

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा, *०७३-CR-००५२, ०१०१, ०१४७, ०२५४, ०६६०,* कर्तव्य ज्यान, *विशेश्वर चौधरी वि. नेपाल सरकार, रामेश्वर चौधरी वि. नेपाल सरकार, रविन्द्र चौधरी वि. नेपाल सरकार, विरेन्द्र चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. विशेश्वर चौधरीसमेत*

अदालतसमक्ष निज प्रतिवादी विशेश्वरप्रसाद चौधरीले बयान गर्दा आफूसँग बन्दुक नरहेको भनी उल्लेख गरे तापनि पुनरावेदन पत्रमा मनसायपूर्वकको वारदात घटाएको होइन भनी अप्रत्यक्ष रूपमा बन्दुक फायरिङ गरेको कुरालाई स्वीकार गरेको देखिन्छ। अन्य सहअभियुक्तहरू पारसकुमार चौधरी तथा कमलनारायण चौधरीले निज पुनरावेदक विशेश्वरप्रसाद चौधरीले फायरिङ गरेको गोलीले मृतकलाई लागेको भनी अदालतसमक्ष बयान गरेको अवस्था छ। यसप्रकार मिसिल संलग्न समग्र तथ्य प्रमाणबाट प्रतिवादी विशेश्वरप्रसाद चौधरीले शिकार खेल्ने क्रममा जमिनमा रहेको बँदेललाई बन्दुक हान्दा बँदेल रहेको स्थानको रूखमा बसेका मृतकलाई बन्दुकको गोलीले लाग्न पुगी निजको मृत्यु हुन पुगेको देखिने।

प्रतिवादी विशेश्वरप्रसाद चौधरीले बँदेललाई ताकेको बन्दुकको निसाना ठिक ठाउँमा नपरी बँदेल रहेकै रूखमाथि रहेको मृतकलाई लाग्न गएको अवस्था छ। यी बँदेललाई ताकेको निसाना बँदेलमाथि रूखमा रहेको मृतकलाई लाग्न सक्छ भन्ने कुराको होस नपुऱ्याई वा हेलचेक्र्याईं गरी यी

प्रतिवादीले बन्दुक फायरिङ गरेको देखियो। तसर्थ, प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. अन्तर्गतको नदेखिई सोही महलको ५ नं. र ६(२) नं. बमोजिम भवितव्यबाट भएको देखिन आउने।

विशेश्वरप्रसाद चौधरीसमेतका प्रतिवादीहरू र मृतक प्रमोदकुमार चौधरीसमेत भई शिकार खेल्न जङ्गलमा गएको अवस्थामा प्रतिवादीमध्येका विशेश्वरप्रसाद चौधरीले बँदेललाई फायर गरेको बन्दुकको फायरिङले मृतकलाई लाग्न गई निजको मृत्यु भएको प्रस्तुत भवितव्यपूर्ण वारदातमा पुनरावेदन अदालतले प्रतिवादीहरू रूमाल भन्ने रविन्द्र चौधरी अजय माझी, विरेन्द्र चौधरी र रामेश्वर चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. आकर्षित गरी जनही ६ महिना कैद हुने ठहऱ्याएको देखिन्छ। प्रस्तुत वारदात मनसायपूर्वक नभएको र भवितव्यमा परी मृतकको मृत्यु हुन गएको देखिँदा निज प्रतिवादीहरूलाई उल्लिखित ज्यानसम्बन्धीको १७(३) नं. आकर्षित नहुने।

वस्तुतः समान अवस्था र परिस्थितिका प्रतिवादीहरूलाई समान सजाय हुनुपर्ने र कानून प्रतिकूल भएको फैसलालाई पुनरावेदन नपरेकै आधारमा कायम रहन दिनु नहुने।

मृतकको ज्यान लिने मनसायबिना भवितव्यबाट प्रस्तुत वारदात घटेको देखिन्छ । यस अवस्थामा ज्यानसम्बन्धीको १७(३) नं. मा भएको कानूनी व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुँदैन । तसर्थ, उल्लिखित अ.बं. २०५ नं. मा भएको कानूनी व्यवस्थाअनुसार पुनरावेदन गर्ने र नगर्ने सबै प्रतिवादीहरूका हकमा उल्लिखित ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम सजाय गर्ने गरेको हदसम्म पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

प्रतिवादीले बँदेललाई फायरिङ्ग गरेको गोली मृतकलाई लागी निजको मृत्यु भएपछि यी प्रतिवादीसमेतले लासलाई जङ्गलनजिकको ओडारमा लगी छोपछाप गरी राखी घरतर्फ गएको र कहीँकतै जाहेर नगरी घटनालाई गुपचुप राखेको देखिन्छ । तसर्थ, यी प्रतिवादी विशेश्वरप्रसाद चौधरीलाई ज्यानसम्बन्धीको ४ नं. उल्लिखित कानूनी व्यवस्थाबमोजिम थप सजायसमेत हुनुपर्ने देखिन आउने।

प्रतिवादी विरेन्द्र चौधरी वारदात हुँदा वारदातस्थलमा मौजुद रहेको तथ्य खुलाई अदालतमा बयान गरेको देखिन्छ । प्रतिवादीद्वय रविन्द्र चौधरी र रामेश्वर चौधरी अनुसन्धानको क्रममा फरार रहेको र अदालतमा गरेको बयानमा घटनास्थलमा मौजुद नभई सो समयमा अन्यत्र रहेको जिकिर लिए पनि सो कुरालाई पुष्टि गर्ने वस्तुगत प्रमाण पेस गर्न सकेको देखिँदैन । सहप्रतिवादीहरूको अनुसन्धान र अदालतमा गरेको बयान र जाहेरवाला नागेश्वरप्रसाद चौधरीले गरेको बकपत्रबाट निजहरूसमेत वारदातको समयमा घटनास्थलमा मौजुद रहेको देखिन्छ । तसर्थ, निजहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धीको ४ नं. आकर्षित गरी सजाय गर्ने गरेको हदसम्म पुनरावेदन अदालतको फैसला मनासिब देखिने।

अन्य प्रतिवादीहरू मनोज चौधरी, मणी मगर, कमलनारायण चौधरी, विशाल भन्ने अजयकुमार चौधरी र पारसकुमार चौधरीको हकमा प्रस्तुत वारदातमा निजहरूको भूमिका मृतक लासलाई कानूनबमोजिम लास जाँच गरी पुर्जी नलिई त्यसै लास गाड्ने फाल्ने कार्यमा संलग्न रहेकोसम्म देखिएकोले ज्यानसम्बन्धीको ४ नं.

बमोजिम दश रूपैयाँ जरिवाना गर्ने र नाबालक विशाल भन्ने अजयकुमार चौधरी र पारसकुमार चौधरीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) आकर्षित गरी सो जरिवानाको आधा मात्र जरिवाना गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलामा कुनै परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, पुनरावेदक अदालत राजविराजबाट मिति २०७३।१।२९ मा भएको फैसला केही उल्टी भई प्रतिवादीमध्येका विशेश्वरप्रसाद चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. बमोजिमको कसुरमा सोही महलको ६(२) नं. बमोजिम २(दुई) वर्ष कैद र रू.५००।– (पाँच सय) जरिवाना र सोही महलको ४ नं. बमोजिम थप ६ महिना कैद सजाय हुने ठहर्छ। अन्य प्रतिवादीहरू रूमाल भन्ने रविन्द्र चौधरी, अजय माझी, विरेन्द्र चौधरी र रामेश्वर चौधरीलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ६(छ) महिना कैद हुने ठहर गरेको हदसम्म उल्टी भई सोबमोजिमको कसुर ठहर हुन सक्तैन। निजहरू चार जनालाई ज्यानसम्बन्धीको ४ नं. बमोजिम जनही ६(छ) महिना कैद हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत राजविराजको फैसला सदर हुन्छ। प्रतिवादीहरू मनोज चौधरी, मणी मगर, कमलनारायण चौधरी, विशाल भन्ने अजयकुमार चौधरी र पारसकुमार चौधरीको हकमा पुनरावेदन अदालतको फैसला मनासिब हुँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको तथा माथि लेखिएको हदसम्म बाहेक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कार्तिक २१ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६८-CI-०७२४, *अंश चलन, तारादेवी खत्री वि. कल्पना खत्री*

विवादित कि.नं.६१२ को जग्गा २०५७ सालमा हा.ब.को लिखतबाट प्रतिवादी तारादेवी खत्रीकोनाउँमाआएपछिसोजग्गामाघरनिर्माणभएको देखिन्छ। सो घर निर्माण हुँदा यी वादी प्रतिवादीहरू सगोलमा नै रहेको अवस्था छ । वादी प्रतिवादी सगोलमा नै रहेको अवस्थामा निर्माण भएको घर अन्यथा प्रमाणित नभएसम्म सगोलको सबै अंशियारको अंश लाग्ने घर हो भनी मान्नुपर्ने।

पुनरावेदिका प्रतिवादी तारादेवी खत्रीले जग्गा बकसपत्रबाट पाएको र घर निर्माणको स्रोत होटेल व्यवसाय र कृषि विकास बैंकको निजी ऋण भन्ने उल्लेख गरेको देखिन्छ । प्रस्तुत मुद्दाका वादीहरू यी पुनरावेदिका प्रतिवादीका सौता अर्थात् वादी कल्पना खत्रीबाट जन्मिएका नाबालक छोरीहरूसमेत रहेको देखिन्छ । छोरा छोरीको लागि बाबु आमाले जुनसुकै माध्यमबाट प्राप्त गरेको सम्पत्ति पैतृक सम्पत्ति हुने भन्ने सिद्धान्त यस अदालतबाट (ने.का.प.२०६४, अङ्क २, निर्णय नं.७८१४, साबित्रीसमेत विरूद्ध पार्वती थापासमेत, मुद्दा अंश चलन) मुद्दामा कायम भएको हुनाले नाबालक वादीहरूका लागि उल्लिखित सिद्धान्तका आधारमा समेत विवादित घर जग्गा पैतृक सम्पत्तिका रूपमा कायम भई निजहरूले अंश पाउने।

पुनरावेदिका प्रतिवादी तारादेवीले हालैदेखिको बकसपत्रको माध्यमबाट जग्गाको स्वामित्व प्राप्त गरेको देखिए पनि जग्गा दाता शेरबहादुर तामाङ यी प्रतिवादी तारादेवीको नजिकका नातेदार

रहेको देखिँदैन। जग्गा दाता शेरबहादुर तामाङलाई मित दाजुको नाता उल्लेख गरी निजलाई होटेलमा खान बस्न दिने र अन्य काममा सहयोग गरी रिझाएकोले जग्गा बकस पाएको भन्ने उल्लेख गरेको देखिन्छ। बकस दिने र बकस पाउने व्यक्तिका बिच सारभूत नाता सम्बन्ध र आपसी व्यवहार देखिँदैन भने केवल लिखतमा बकसपत्र उल्लेख गरेकै कारण अंशजस्तो नैसर्गिक अधिकारबाट अन्य अंशियारलाई वञ्चित गरिनु सर्वथा अन्याय हुने।

विवादमा आएको कि.नं.६१२ मा रहेको घरबाहेक यी वादी प्रतिवादीका नाउँमा अन्य घर बसोबास रहेको भन्ने तायदाती फाँटवारीबाट खुल्न आएको देखिँदैन । सगोलको अवस्थामा निर्माण भएको विवादमा आएको घरबाहेक अन्य घर बसोबाससमेत नभएको स्थितिमा वादीहरूले सो कि.नं.६१२ को घरजग्गामा अंश नलाग्ने भन्नु न्यायको रोहमा मिल्ने देखिँदैन । तसर्थ, जिल्ला रामेछाप कठजोर गा.वि.स. वडा नं.१क कि.नं.६१२ को घरजग्गा बन्डा नलाग्ने भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६६।३।९ को फैसला केही उल्टी हुने ठहऱ्याई कि.नं.६१२ को घर जग्गासमेतबाट वादीहरूले ८ भागको ३ भाग अंश पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्यथा नदेखिने।

अतः पुनरावेदन अदालत पाटनबाट मिति २०६७।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल चैत्र २६ गते रोज २ शुभम्।

- यसमा यसै लगाउको ०६९-CI-०२५२, माना चामल, नुरबहादुर खत्री वि. कल्पना खत्री भएको मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरुषोत्तम भण्डारी, ०६९-CR-०७६४, कर्तव्य ज्यान, प्रकाश रम्तेल वि. नेपाल सरकार

प्रतिवादी प्रकाश रम्तेलले मौकामा गरेको साबिती बयान र उक्त बयानलाई पुष्टि गर्ने घटनास्थल मुचुल्का, लास जाँच प्रकृति एवं बुझिएका व्यक्तिसमेतको अदालतसमक्षको बकपत्रसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट (Circumstance Evidences) यी प्रतिवादीसमेतले प्रहार गरेको बाँसको लाठाको चोटका कारण मृतकको मृत्यु भएको कुरा निर्विवाद पुष्टि भइरहेको देखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर एवं निजतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित आधार कारणहरूबाट प्रतिवादी प्रकाश रम्तेल (सार्की) लाइ मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने र तेजमणी कार्की, जिवेश कार्की, रविन वैजु परियार र सन्तोष राउतलाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद सजाय हुने र ज्यानसम्बन्धी महलको १५ नं. को अभियोग दाबी पुग्न नसक्ने गरी भएको सुरू फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०६।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी प्रकाश रम्तेलसमेतका निजका साक्षीहरू खाली धान खेतमा रक्सी खाई रमाइलो गरिरहेको अवस्थामा घाइते हरि बजगाई

घटनास्थलमा आएका निजसँग प्रतिवादीले रक्सी किनी माग्दा रक्सी किनिदिएको देखिन्छ । प्रकाश रम्तेलले कौडा खेलाएर निकै पैसा कमाउनुभयो ५००/१००० हामीलाई पनि दिनुहोस् न भन्दा घाइते हरि बजगाईले अपशब्द प्रयोग गरेका कारण भनाभन घचेटा घचेट र कुटपिट हुँदा छुट्ट्याउन आएका आशुतोष राईलाई प्रतिवादी प्रकाश रम्तेलले धारिलो जोखिमी हतियारले नभई बाँसको लाठीले प्रहार गर्दा टाउकोमा लाग्न गई निजको मृत्यु भएको देखिन्छ । यी प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी केही देखिँदैन । रक्सी सेवन गरी रमाइलो गरिरहेको अवस्थामा एक्कासी भएको विवादका कारण घटना घटन गएको परिस्थितिसमेतलाई विचार गर्दा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्दा चर्को पर्न जाने देखी निजलाई कैद १०(दश) वर्ष गर्दा ऐनको मकसद पूरा हुने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १०(दश) हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल आषाढ १८ गते रोज १ शुभम् ।

इजलास नं.३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी., *०७५-RC-००२८, कर्तव्य ज्यान (साधक), नेपाल सरकर वि. सद्दाम हुसेन नाउ*

घा जाँच केस फाराम, लास परीक्षण प्रतिवेदन, अन्य प्रतिवादीहरू तथा मौकामा कागज गर्ने व्यक्तिहरूको बयान, स्वयं प्रतिवादीको स्वीकारोक्ति बयानसमेतका सबुत प्रमाणबाट यी प्रतिवादी सद्दाम हुसेन नाउले आरोपित कसुर गरेको पुष्टि भइरहेको देखिँदा निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर गरी सुरूले गरेको फैसलालाई साधकको रोहबाट सदर गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।१०।२१ मा भएको साधक फैसला मिलेकै देखिँदा अन्यथा भन्न नमिल्ने ।

अतः उल्लिखित विश्लेषणको आधारमा सुरू बाँके जिल्ला अदालतको फैसलालाई साधकको रोहबाट सदर ठहऱ्याएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।१०।२१ मा भएको साधक फैसलाउपर यस अदालतमा दायर हुन आएको साधक सदर हुने ।

इजलास अधिकृत: गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भाद्र १९ गते रोज ३ शुभम् ।

इजलास नं.४

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७७-WH-०२२४, बन्दीप्रत्यक्षीकरण, हरिबहादुर चन्द वि. महानगरीय प्रहरी वृत्त सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदनमा निवेदकलाई फरक राजनीतिक विचार र आस्थाका कारण मात्र केवल एउटा कुनै कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा भएको देखाई जरूरी पक्राउ पुर्जीमा र म्याद थप अनुमति माग गर्दा तथा जिल्ला प्रशासन कार्यालयबाट निवेदकलाई हिरासतमा राख्ने म्याद थप अनुमति दिँदासमेत निवेदकलाई

थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने वस्तुनिष्ठ आधार र कारणसमेत उल्लेख गरेको नदेखिँदा प्रत्यर्थीहरूले प्रवृत्त धारणा राखी निवेदकलाई कानूनविपरीत थुनामा राखेको देखिएको।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट रिट निवेदक हरिबहादुर चन्दलाई प्रवृत्त भावनाले बदनियत राखी कानूनको उचित प्रक्रिया पूरा नगरी गैरकानूनी थुनामा राखेको देखिँदा नेपालको संविधानको धारा १३३(१) र (२) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम प्रत्यर्थीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७७ साल फागुन ६ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७७-WH-०२२६, बन्दीप्रत्यक्षीकरण, मानकुमार राईको हकमा राजेन्द्रप्रसाद कोइराला वि. जिल्ला प्रहरी कार्यालय, सर्लाहीसमेत*

रिट निवेदनमा निवेदकलाई फरक राजनीतिक विचार र आस्थाका कारण मात्र केवल एउटा कुनै कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा भएको देखाई जरूरी पक्राउपुर्जीमा र म्याद थप अनुमति माग गर्दा तथा जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट निवेदकलाई हिरासतमा राख्ने म्याद थप अनुमति दिँदासमेत अनुसन्धान गर्दा निवेदकलाई थुनामा नै राख्नुपर्ने वस्तुनिष्ठ आधार र कारणसमेत उल्लेख गरेको नदेखिँदा प्रत्यर्थीहरूले निवेदकउपर प्रवृत्त धारणा राखी निवेदकलाई कानूनविपरीत थुनामा राखेको देखिएको।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट रिट निवेदक मानकुमार राईलाई प्रत्यर्थीहरूद्वारा प्रवृत्त भावना र बदनियत राखी कानूनको उचित प्रक्रिया पूरा नगरी पक्राउ गरी गैरकानूनी थुनामा राखेको देखिँदा नेपालको संविधानको धारा १३३(१) र (२) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम प्रत्यर्थीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: समी नेपाली

इति संवत् २०७७ साल फागुन ६ गते रोज ५ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७०-WO-०६९०, उत्प्रेषण, प्रा.गीता पाण्डे वि. श्रम अदालतसमेत*

स्तुपा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडअन्तर्गत नेपाल स्वास्थ्य विज्ञान अध्ययन संस्थानको सेवाबाट विपक्षी विष्णुकुमार अधिकारीलाई हटाउने गरी भएको निर्णयउपर निज विष्णुकुमार अधिकारीको उजुरी लिई निर्णय गर्ने अधिकारक्षेत्र श्रम कार्यालय, बागमती अञ्चल, टेकु काठमाडौंलाई छ, छैन ? भन्ने सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारप्राप्त श्रम अदालत अनामनगर, काठमाडौंले नै निर्णय गर्न सक्ने विषय भएको हुँदा सो सम्बन्धमा प्रस्तुत रिट निवेदनको रोहबाट बोलिरहनु नपर्ने।

उत्प्रेषण मातहत अदालत र निकायका गैरकानूनी काम कारबाहीलाई नियन्त्रण गर्ने सशक्त

माध्यम हो। यसको मुख्य उद्देश्य कुनै पनि निकायलाई आफ्नो अधिकारक्षेत्रबाहिर गई गैरकानूनी निर्णय गर्नबाट रोक्नु हो । यसभित्र आफूलाई प्राप्त अधिकारक्षेत्रको प्रयोग गर्न इन्कार गरी निर्णय गरेको कार्यलाई बदर गर्नु पनि पर्दछ। सबै मातहत अदालत र निकायले असीमित क्षेत्राधिकार प्राप्त गरेका हुँदैनन् । त्यसैले यदि तिनका क्षेत्राधिकार र अधिकारहरू असीमित हुँदैनन् भने तिनीहरू कानूनी सीमाभित्र रहनुपर्छ र कानूनले प्रदान गरेको अधिकारको प्रयोग पनि गर्नुपर्दछ । मातहत अदालत, सरकारी एवं सार्वजनिक अधिकारी र निकायका विवादित निर्णय तथा आदेशहरूमा अधिकारक्षेत्रात्मक त्रुटि रहेको अवस्था देखिएमा उक्त निर्णय एवं आदेशहरूलाई उत्प्रेषणको आदेशद्वारा बदर गर्न सर्वोच्च अदालतबाट असाधारण अधिकारक्षेत्रअन्तर्गत उत्प्रेषणको आदेश जारी गरिन्छ। अब श्रम कार्यालय, बागमती अञ्चल, टेकु काठमाडौंको निर्णयउपर पुनरावेदन सुन्ने अधिकारक्षेत्र श्रम अदालत अनामनगर, काठमाडौंलाई छ, छैन ? भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो । श्रम ऐन, २०४८ को दफा ६० मा "यस परिच्छेदअन्तर्गत दिएको कुनै सजाय वा आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेशको सूचना पाएको मितिले पैंतिस दिनभित्र देहायबमोजिम पुनरावेदन गर्न सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त दफा ६० को देहाय (ग) मा "व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर सम्बन्धित श्रम अदालतमा" पुनरावेदन गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको छ । श्रम ऐन, २०४८ को दफा ६० को कानूनी व्यवस्थानुसार श्रम कार्यालयबाट भएको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार श्रम अदालत काठमाडौंलाई रहेको देखिन्छ।

अधिकारक्षेत्रात्मक त्रुटि आफैँमा गम्भीर विषय हो । मातहत अदालत र निकायको काम कारबाही तथा निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि भन्नाले क्षेत्राधिकारको अभाव वा क्षेत्राधिकार भए पनि सोभन्दा बढी क्षेत्राधिकार ग्रहण गरेको या आफ्नो क्षेत्राधिकार हुँदाहुँदै पनि इन्कार गरेको स्थिति सबै पर्न आउँदछ। अधिकारक्षेत्रको बारेमा मुद्दा हेर्ने सम्बन्धित निकायले आफैँले जानकारीसमेत लिनुपर्दछ।

निवेदकले श्रम कार्यालयको निर्णयउपर श्रम अदालतमा दर्ता गरेको पुनरावेदन पत्रमा श्रम ऐन, २०४८ को दफा ७(६) उल्लेख गरेको कारणले मात्र कानूनले स्पष्ट अधिकारक्षेत्र प्रदान गरेको विषयमा असम्बद्ध कानूनी व्यवस्थाबमोजिम दर्ता हुन आएको पुनरावेदन भनी पुनरावेदनको विषय नै हेर्न इन्कार गर्न मिल्दैन । यसप्रकार कानूनले नै आफूलाई तोकिदिएको क्षेत्राधिकारलाई इन्कार गरी पुनरावेदन खारेज गर्ने ठहऱ्याई श्रम अदालत अनामनगर, काठमाडौंबाट मिति २०७०।१०।९ मा भएको फैसला कानून र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिँदा प्रस्तुत निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आउने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट निवेदन मागबमोजिम श्रम कार्यालय, बागमती अञ्चल, टेकु, काठमाडौंबाट मिति २०७०।१।१९ मा भएको निर्णय र उक्त निर्णयउपर श्रम अदालत अनामनगर, काठमाडौंमा पुनरावेदन गरेकोमा श्रम अदालतबाट पुनरावेदन खारेज हुने ठहर गरी मिति २०७०।१०।९ मा भएको फैसलामा अधिकार क्षेत्रात्मक त्रुटि रहेको

देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : गोपी विश्वकर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७५ साल भाद्र ३१ गते रोज १ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-CI-०७४२, मोही नामसारी, टंकबहादुर अधिकारी वि. खुसरामी चौधरीसमेत*

घरबासको जग्गामा मोही कायम गर्न मिल्दैन भन्ने सम्बन्धमा प्रस्तुत मुद्दासँग समान तथ्य भएको मु.स.गर्ने भोजलाल श्रेष्ठ विरूद्ध चिनु थापासमेत भएको ०७०-CI-०२२९ को मोही नामसारी मुद्दामा "पुनरावेदक वादीले मोही नामसारी गरिपाउँ भनी जग्गाधनीको बसोबास भएको घरजग्गामा वादीलाई मोही कायम गर्ने गरी मोही नामसारी हुने ठहर गरेको सुरू भूमिसुधार कार्यालयको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।०९।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ" भनी यस अदालतबाट मिति २०७४।११।०८ मा सिद्धान्त स्थापित भएको देखिएकोले समेत विवादको जग्गामा घरबास भए नभएतर्फ यकिन नगरी मोही नामसारी गर्ने गरी भूमिसुधार अधिकारीबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२।१२।१७ को फैसला मिलेको भन्ने नदेखिने।

यसप्रकार भूमिसुधार कार्यालय, दाङको भूमिसुधार अधिकारीबाट भूमिसम्बन्धी ऐन, २०२१ (संशोधनसहित) को दफा २६(१) बमोजिम उक्त कि.नं. ३९४ को जग्गाको मोही, स्व. विन्तीराम थारू नामदर्ताको मोहियानी हक निजका छोरा बिगु चौधरीका नाममा मोही नामसारी हुने ठहर गरी भूमिसुधार अधिकारीबाट भएको मिति २०७१।९।६ को निर्णय र सो निर्णयलाई सदर गर्ने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट भएको मिति २०७२।१२।१७ को फैसलामा बुझ्नुपर्ने प्रमाण बुझी इन्साफ गरेको भन्ने नदेखिएकोले उक्त निर्णय र फैसला सदर कायम रहन सक्ने नदेखिने।

तसर्थः भूमिसुधार अधिकारीले उक्त कि.नं. ३९४ को जग्गाको मोही स्व.विन्तीराम थारू नामदर्ताको मोहियानी हक निजका छोरा बिगु चौधरीका नाममा मोही नामसारी हुने ठहर गरेको मिति २०७१।९।६ को निर्णय र सो निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट भएको मिति २०७२।१२।१७ को फैसलामा उक्त जग्गामा उल्लेख गरिएबमोजिम घरबास छ या छैन भन्नेसमेतका विषयहरूमा विवेचना नगरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिएकोले बदर हुने ठहर्छ। अब, मोही नामसारीको सम्बन्धमा घर भए नभएको समेतका जे जो बुझ्नुपर्ने बुझी तत्काल प्रचलित कानूनबमोजिम सम्पूर्ण तथ्य, प्रमाण र कानूनको विवेचना गरी अविलम्ब निर्णय गरी मुद्दाको किनारा गर्नु भनी न्याय प्रशासन ऐन, २०७३ दफा १४ को उपदफा (१) को देहाय (घ) बमोजिम उपस्थित पक्ष तथा विपक्षहरूलाई भूमिसुधार कार्यालय, दाङमा उपस्थित हुन जानु भनी तारिख तोकी सुरू मिसिल सम्बन्धित भूमिसुधार कार्यालयमा पठाइदिनेसमेत ठहर्ने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ साल फाल्गुण १३ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७३-CI-०७४३, मोही नामसारी, पोमनारायण आचार्य वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७४४, मोही नामसारी, तेजबहादुर अधिकारी वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७४५, मोही नामसारी, निमप्रसाद आचार्य वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७४६, मोही नामसारी, खिमबहादुर चौधरी वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७४७, मोही नामसारी, पोवीकुमारी बुढाथोकी क्षेत्री वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७४८, मोही नामसारी, दुर्गाबहादुर अधिकारी वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७४९, मोही नामसारी, सुन्दरप्रसाद चौधरी वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७५०, मोही नामसारी, फुलपाती चौधरी वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७५१, मोही नामसारी, भुपेन्द्रबहादुर बुढाथोकी क्षेत्री वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७५२, मोही नामसारी, धनबहादुर खत्री वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७५३, मोही नामसारी, कमला पोख्रेल वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७५४, मोही नामसारी, जिवनारायण आचार्य वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७५५, मोही नामसारी, प्रेमनारायण आचार्य वि. खुसरामी चौधरीसमेत
- ०७३-CI-०७५६, मोही नामसारी, विष्णुबहादुर अधिकारी वि. खुसरामी चौधरीसमेत

इजलास नं.६

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०७२-CR-१६८०, लागु औषध (अफिम), दानबहादुर बुढा वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा बरामदी मुचुल्कामा यी पुनरावेदक प्रतिवादीसमेत रोहबरमा रहेको, हरिबहादुर सिंजालीसमेत साक्षीमा रहेको र अमरबहादुर भण्डारीसमेतले घटना विवरण कागजसमेत गरिदिएको अवस्थामा उक्त बरामदी मुचुल्कालाई प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने देखिन आयो । यस अवस्थामा यी पुनरावेदक प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष गरेको साबिती बयानलाई बरामदी मुचुल्का, अमरबहादुर भण्डारीसमेतले गरिदिएको घटना विवरण कागज, प्रतिवेदक सुनिलकुमार शाहले सुरू अदालतमा गरिदिएको बकपत्रसमेतले समर्थन गरेको देखिने ।

प्रस्तुत मुद्दाको सन्दर्भमा, यी पुनरावेदकले अनुसन्धान अधिकृतसमक्ष गरेको साबिती बयानलाई बरामदी मुचुल्का, घटना विवरण कागज,

प्रतिवेदक सुनिलकुमार शाहको बकपत्रसमेतका प्रमाणले समर्थित गरिरहेको अवस्थामा यी पुनरावेदकले अदालतमा गरेको इन्कारी बयानलाई मात्र आधार मानी पुनरावेदक प्रतिवादी निर्दोष रहेको भनी मान्न नमिल्ने।

पुनरावेदक प्रतिवादीले निजलाई प्रहरीले हिरासतमा राखी निजको इच्छा विरूद्ध साबिती बयान गराइएको भन्ने पुनरावेदन जिकिर लिएकोतर्फ विचार गर्दा, यिनै पुनरावेदक प्रतिवादीले सुरू अदालतसमक्ष गरेको बयानमा आफ्नो मोटरसाइकल हराएकोले नेपालगन्ज खोज्न आउने क्रममा २ जना केटाले मेरो मोटरसाइकल चढेको देखी टेकबहादुर हमाललाई बोलाएँ, त्यसपछि प्रहरीमा रिपोर्ट गर्न गएका बखत मसमेतलाई प्रहरीले भित्र हालेका हुन् भनी उल्लेख गरेको पाइन्छ। तर आफ्नो मोटरसाइकल हराएको भनी निजले प्रहरीमा लिखित जानकारी गराएको भनी भन्न सकेको पाइँदैन। त्यस्तो लिखित जानकारी कहीँकतै दिइएको मिसिलबाट देखिँदैन। प्रहरीमा भएको बयान बरामदी मुचुल्का र सहप्रतिवादीको बयानसमेतबाट समर्थित भएको देखिने।

पुनरावेदक प्रतिवादीले निजको अनुसन्धान अधिकृतसमक्षको साबिती बयान निजको इच्छा विरूद्ध लिइएको भन्ने जिकिर लिए तापनि सो तथ्य पुष्टि गर्न कुनै स्वतन्त्र प्रमाण पेस गर्न सकेको देखिएन। उल्लिखित अवस्थामा प्रहरीसमक्षको बयान आफ्नो स्वेच्छाविपरीत भएको भन्ने पुनरावेदन जिकिर मनासिब देखिएन। निज प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण धेरै रहेको छ। जुन तौरतरिकाबाट निजहरूले लागु औषध (अफिम) को कारोबार गर्ने कार्य गरेका छन् सोसमेतको आधारबाट निजको कसुरको मात्रा आँकलन गर्नुपर्ने हुन्छ। सङ्गठित रूपमा आपराधिक कार्य गर्ने उद्देश्यबाट निज प्रतिवादी परिचालित भएको देखिन्छ। उल्लिखित तथ्यहरूको पृष्ठभूमिमा यी प्रतिवादीलाई कसुरदार ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला मनासिब देखिने।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदक प्रतिवादी दानबहादुर बुढाले अभियोग दाबीबमोजिमको कसुर गरेको स्थापित हुन गएकोले निजले गरेको कसुरको मात्राअनुसार निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम २० वर्ष कैद र १० लाख रूपैयाँ जरिवाना हुने ठहर्ने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको मिति २०७१/१२/१० को फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२/०६/१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कृति थापा

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल श्रावण २० गते रोज १ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०७२-CR-१९०६, कर्तव्य ज्यान, नेपाल सरकार वि. लेखनाथ खनालसमेत*

घटना विवरण कागज गर्ने कृतिमान तामाङ, कल्पना खनाल, पोषराज त्रितालले समेत मौकामा कागज गर्दा प्रभाले कुन विष सेवन गरिन् थाहा भएन आफैँले विष सेवन गरे जस्तो लाग्छ। कर्तव्यमा पारी विष खुवाएकोमा मलाई कसैउपर शंका लाग्दैन भन्ने बेहोरा लेखाई दिएको पाइन्छ। त्यसै गरी निजहरूले अदालतमा मृतकले आफैँले विष खाई मरेकी हुन् प्रतिवादीले विष खुवाई मारेका होइनन् भनी बकपत्र

गरेको पाइन्छ । प्रतिवादीका साक्षी भवानी शंकर, पूर्णकुमार खड्काले पनि अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूले कर्तव्य गरी मारेका होइनन्, मृतकले आफैँ विष सेवन गरी मरेकी हुन् भनी बकपत्र गरेको देखिन्छ । जाहेरी दिने गोमादेवी आचार्यले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरूले विष खुवाएर मारेकोमा शंका लाग्छ भनी बकपत्र गरेकी छिन् । शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेको छ । फौजदारी न्यायका मान्य सिद्धान्तअनुरूप प्रमाणले पुष्टि नभएसम्म केवल शंकाका भरमा दोषी ठहर गर्न नमिल्ने ।

प्रस्तुत मुद्दामा मृतकको श्रीमान् अम्बिका खनालउपर नै दाबी पुग्न नसकी निजले आरोपित कसुरबाट सफाइ पाउने ठहरी यस अदालतबाट ०७२-CR-११३२ को मुद्दामा मिति २०७४।०२।२५ मा फैसला भएकोसमेत देखियो । प्रस्तुत मुद्दामा मृतक प्रभाले पहिले भेट्ने कल्पनालाई मुसा मार्ने दबाई खाएँ परबाट ल्याएको हुँ भनेकी तर निजले मलाई यसले विष खुवायो नभनेकी, मृतकले विष सेवन गरेको जानकारी हुनासाथ प्राथमिक घरेलु उपचारको रूपमा प्रतिवादीहरूले प्रभा खनाललाई अमिलो पानी खान दिएको, पछि उपचारको लागि स्वास्थ्य चौकीमा काम गर्ने पोषराज त्रितालालाई फोन गरेको, गाडी खोजी जति सक्दो चाँडो अस्पताल लगेकोसमेत देखिन्छ । तसर्थ, प्रस्तुत मुद्दामा प्रतिवादीहरू लेखनाथ खनाल र निर्मला खनाल आरोपित कसुरमा इन्कार रहेका, चश्मदिद साक्षीको अभाव रहेको, मृतकको शव परीक्षण प्रतिवेदनमा "No signs of external injuries seen on the body" भन्ने बेहोरा उल्लेख भएकोसमेतका अवस्थाको विद्यमानता रहेकोमा प्रतिवादी निर्मला खनाल, लेखनाथ खनालले मृतकलाई विष खुवाउने, खुवाउन लगाउने जस्तो कार्य गरेको भन्ने तथ्य स्थापित हुन आएको देखिएन । तसर्थ, पुनरावेदन अदालत इलामबाट यी प्रतिवादीहरू निर्मला खनाल र लेखनाथ खनाललाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई सो हदसम्म अन्यथा भन्न मिल्ने नदेखिने ।

अत: विवेचित तथ्य, आधार, कारणसमेतका पृष्ठभूमिमा पाँचथर जिल्ला अदालतले प्रतिवादीहरू दुर्गा भन्ने निर्मला खनाल र लेखनाथ खनाललाई अभियोग दाबीबाट सफाइ दिने गरी गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७२।०४।२६ मा भएको फैसला निजहरूको हकमा मिलेकै देखिँदा सो हदसम्म सदर हुने ।

इजलास अधिकृत: कृति थापा

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७५ साल साउन २० गते रोज १ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०७३-CR-१५५९, १६८७, कर्तव्य ज्यान, तिलबहादुर रेश्मी वि. नेपाल सरकार, नेपाल सरकार वि. अम्बिसरा रेश्मी*

प्रतिवादी तिलबहादुर रेश्मीको साबिती बयान घटनास्थल / लास जाँच प्रकृति मुचुल्का, बरामदी / खानतलासी मुचुल्का, सोमबहादुर रश्मी, यमबहादुर रेश्मी, हरिलाल रेश्मीले गरिदिएको वस्तुस्थिति मुचुल्का, हरिलाल रेश्मीसमेतले आफूले अनुसन्धानको क्रममा गरिदिएको कागजलाई सनाखत गर्दै सुरू अदालतमा गरिदिएको बकपत्र, प्रतिवेदकहरू प्रकाश सिंखडा,

प्रहरी हवलदार सन्तोष रेग्मीले सुरू अदालतसमक्ष गरिदिएको बकपत्र, सहप्रतिवादी अम्बिसरा रेश्मीले अनुसन्धान अधिकारी र सुरू अदालतसमक्ष समेत गरिदिएको बयान बेहोरासमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट समर्थित हुन आएको देखियो। यसरी प्रस्तुत मुद्दामा मृत नवजात शिशुको मृत्यु पुनरावेदक प्रतिवादी तिलबहादुर रेश्मीको कर्तव्यबाट भएको भन्ने तथ्य शंकारहित तवरबाट स्थापित हुन आउने।

प्रतिवादी अम्बिसरा रेश्मीले अनुसन्धान अधिकृत र अदालतमा समेत गरेको इन्कारी बयान निजका ससुरा सहप्रतिवादी तिलबहादुर रेश्मीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट समेत समर्थित हुने देखिन आउँछ। प्रतिवादी अम्बिसरा रेश्मीले शिशु जन्म दिँदा बेहोस भएको भनी बयान गरेकी छिन्। निज अम्बिसरा प्रसव पीडाबाट छट्पटाइरहेकी भन्ने तथ्यमा विवाद छैन। नवजात शिशुको लास प्रतिवादी तिलबहादुर रेश्मीले गाडेको ठाउँबाट बरामद भएको छ। शिशुलाई मार्ने, लास गाड्ने कार्यमा निज प्रतिवादी अम्बिसरा रेश्मीको संलग्नता रहेको प्रस्तुत मुद्दाको तथ्य, घटना परिस्थितिबाट नदेखिने।

अनुमान र शंकाको भरमा कर्तव्य ज्यान जस्तो कसुर अपराधमा कसैलाई दोषी ठहराउन मिल्दैन। अनुसन्धान तहकिकातबाट यही व्यक्ति अपराधी हो भनी पहिचान भई निज विरूद्ध सङ्कलित सबुद प्रमाणहरूलाई अदालतसमक्ष प्रस्तुत गरी अदालतबाट त्यस्ता प्रमाणहरू परीक्षण भएपश्चात् शंकारहित तवरले कसुर पुष्टि हुने अवस्थामा मात्र त्यस्तो व्यक्तिलाई कसुरदार घोषित गरी सजाय गर्न मिल्ने" भन्ने न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसरी बच्चा जन्मने क्रममा प्रतिवादी अम्बिसरा बेहोस भई अचेत रहेकी भन्ने मिसिल संलग्न कागजबाट देखिन आउँछ। यस अवस्थामा बच्चा जन्मिएपछि त्यसलाई मार्ने तथा खाडलमा पुर्ने कार्यमा प्रतिवादी अम्बिसराको समेत भूमिका रहेको अथवा निजको सल्लाह सहमति र सहयोग तथा योजनामा नवजात शिशुलाई कर्तव्य गरी मारिएको भन्ने वादी दाबीलाई शंकारहित तवरबाट पुष्टि हुने गरी वादी पक्षले प्रमाण पेस गर्न सकेको देखिएन। तसर्थ, प्रतिवादी अम्बिसरा रेश्मीलाई कसुरदार ठहराई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गरी १० वर्ष कैद गर्ने गरी राय व्यक्त भई सुरू अदालतको फैसला प्रतिवादी अम्बिसरा रेश्मीको हकमा नमिलेको भनी प्रतिवादी अम्बिसरा रेश्मीलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेकै देखिन आयो। प्रतिवादी अम्बिसरा रेश्मीलाई समेत अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. को कानूनी प्रावधानअनुरूप सजाय घटाउन पाउने न्यायाधीशको स्वविवेकीय अधिकार रहेको देखिन आयो भने सो कुरा पक्षले अधिकारको रूपमा दाबी गर्न पाउन सक्ने भन्ने देखिन आएन। यसर्थ, मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम ५ वर्ष मात्रै कैद कायम गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। छोरा विदेश गएको अवस्थामा आफ्नो घरमा रहेकी बुहारीलाई करणी गरी गर्भ रहेको तथ्य छ। निज प्रतिवादीले जिउँदै जन्मेको शिशुलाई

खाल्डोमा गाडेको भन्ने बयान गरेका छन् । निजले गरेको कसुर तथा प्रस्तुत वारदात घटनालाई दृष्टिगत गर्दा १० वर्षभन्दा कम सजाय हुनुपर्ने भन्ने निज प्रतिवादी तिलबहादुर रेश्मीको मागसँग सहमत हुन सकिएन । तसर्थ, प्रतिवादीमध्येका तिलबहादुर रेश्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने राय व्यक्त भई सुरू अदालतबाट भएको फैसला सो हदसम्म सदर गरी प्रतिवादीमध्येकी अम्बिसरा रेश्मीलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन आएन, उक्त फैसला मिलेकै देखिने।

अत: विवेचित तथ्य, आधार, कारणसमेतबाट प्रतिवादीहरू तिलबहादुर रेश्मी र अम्बिसरा रेश्मीले अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. बमोजिमको कसुर गरेको ठहरेकाले निज प्रतिवादीहरू तिलबहादुर रेश्मी र अम्बिसरा रेश्मीलाई ऐ. ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही तजबिजी सजाय कैद वर्ष १०(दश) हुने राय व्यक्त भई पाल्पा जिल्ला अदालतबाट मिति २०७२।०६।१२ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीमध्येका तिलबहादुर रेश्मीको हकमा सुरू फैसला सो हदसम्म सदर गरी प्रतिवादीमध्येकी अम्बिसरा रेश्मीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।०४।२५ मा भएको फैसला मिलेकै हुँदा प्रतिवादी तिलबहादुर रेश्मीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैदको सजाय हुने रायसमेत सदर हुने।

इजलास अधिकृत : कृति थापा

इति संवत् २०७५ साल साउन २० गते रोज १ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७२-CR-०२४४, जालसाजी, रून्धुकादेवी कुर्मी वि. विनोदकुमार वर्मासमेत*

विवादका कि.नं. ३४७, ३८२, ४११, ४३७, ४४०, ५०९, ५२४, ५५२, ५७०, ५७६ समेतको जम्मा ज.वि. ३-६-४ मा म वादीको समेत अंशहक लाग्नेमा मेरो मन्जुरी सहमतिसमेत नलिई दिने सुन्दरपता कुर्मी, लिने निर्मला कुर्मी भई प्रतिवादीहरूबिच मिति २०६३।७।१९ मा हालैको बकसपत्र रजिस्ट्रेसन पारित गराएको कार्य जालसाजपूर्वक भएको हुँदा उक्त लिखत निष्क्रिय घोषित गरी प्रतिवादीहरूलाइ किर्ते कागजको १० नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रस्तुत मुद्दामा फिराद दाबी रहेको देखिन्छ । साथै यसै लगाउको सोही विवादित जग्गाको हक हस्तान्तरण भएको लिखतसमेतमा आफ्नो आधा हक बदर गरिपाउँ भनी सोही मितिमा यिनै वादीले यिनै प्रतिवादीहरूउपर लिखत बदरको फिराद पनि दिएको देखिन्छ । लिखत बदर मुद्दामा वादी रून्धुकादेवी र प्रतिवादीमध्येकी सुन्दरपता कुर्मी बुहारी सासू नाताका भएका, निजहरूबिच अंशबन्डा भएको नदेखिएको र उक्त विवादित सम्पत्तिमा वादीसमेतको अंश हक लाग्ने आधारमा प्रतिवादी सुन्दरपताले आफ्नी छोरी निर्मला कुर्मीलाई हालैको बकसपत्र पारित गरिदिएको लिखत वादी

दाबीबमोजिम आधा लिखत बदर भई वादीको हक कायम हुने ठहरी सुरू जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । उक्त फैसला पुनरावेदन अदालतबाट समेत सदर भएको देखिन्छ । उक्त लिखत बदर मुद्दामा प्रतिवादीहरूले पुनरावेदन नगरेबाट चित्त बुझाई बसेकोसमेत देखियो । सोही लिखत बदर मुद्दाबाट वादी दाबीबमोजिमको हक स्थापित भइसकेको आधारमा प्रस्तुत जालसाज मुद्दामा वादी दाबी नपुग्ने ठहरी सुरूबाट भएको फैसला पुनरावेदन अदालतबाट समेत सदर भएको देखिने ।

जालसाज कार्य गर्ने प्रतिवादीहरूलाई सजाय नगरेको मिलेन भन्ने पुनरावेदन जिकिर छ सोतर्फ विवेचना गर्दा किर्ते कागजको ३ नं.मा अर्काको हक मेट्नेसमेतको कार्य गरेमा जालसाज हुने भनी उल्लेख भएको देखिन्छ । उक्त विवादित लिखतबाट वादीको गुमेको हकहिस्सा लगाउको लिखत बदर मुद्दाबाट संरक्षित, सुरक्षित भई अन्तिम भई बसेबाट वादीको हक मेटिई नसकेको र वादीको जालसाजी निष्क्रिय घोषित गरिपाउँ भन्ने मुख्य जिकिर पुगेको अवस्था एकातर्फ छ । अर्कोतर्फ वादी प्रतिवादी एकासगोलका अंशियार रहेका, वादी बुहारीले निज वृद्धा प्रतिवादी सासूलाई हेरचाह नगरेको कारण छोरीसँग बसेकी, प्रतिवादी आमाले आफ्नोसमेत अंशहक लाग्ने आफ्नो नामको जग्गा हेरचाह सेवागरेबापत हालैको बकसपत्र गरी छोरीलाई दिएको भन्ने पारित बकसपत्र बेहोराबाट देखिएको तथ्य तथा विवादित लिखत बदर गर्दा पनि न्यायको मकसद पुग्ने देखिएको सन्दर्भमा प्रतिवादीलाई जालसाजीमा सजाय गर्नु नै पर्छ भन्नु न्यायोचित देखिएन । जालसाजतर्फको दाबी नपुग्ने ठहर्‍याएको सुरू इन्साफ सदर गरेको पुनरावेदन अदालतको फैसला अन्यथा भन्न नमिल्ने ।

तसर्थ, उल्लिखित आधार र कारणहरूबाट जालसाजीमा वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६६।१२।०३ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६८।९।११ फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: केदारनाथ पौडेल

इति संवत् २०७४ साल कार्तिक ३० गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- *०७२-CR-०२४५, जालसाजी, रून्धुकादेवी कुर्मी वि. विनोदकुमार वर्मासमेत*
- *०७२-CR-०२४६, जालसाजी, रून्धुकादेवी कुर्मी वि. विनोदकुमार वर्मासमेत*
- *०७२-CI-०३३२, लिखत बदर, रून्धुकादेवी कुर्मी वि. विनोदकुमार वर्मा*
- *०७२-CI-०३३४, लिखत बदर, रून्धुकादेवी कुर्मी वि. विनोदकुमार वर्मा*
- *०७२-CI-०३३५, लिखत बदर हक कायम, रून्धुकादेवी कुर्मी वि. विनोदकुमार वर्मा*

इजलास नं.७

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७५-WO-०७१५, उत्प्रेषण, विनोद शाक्य वि. नेपाल बङ्गलादेश बैंक*

लिमिटेड, ललितपुर शाखासमेत

निवेदक र विपक्षीबिच भवन तथा शौचालय निर्माण गर्ने ठेक्का सम्झौता भएकोमा म्याद थप गर्दासमेत काम सम्पन्न गर्न नसकेको र बैंक ग्यारेन्टीको रकम पत्रमार्फत झिकाएको विषयलाई लिएर निवेदन परेको देखियो । निवेदक एम.के. श्रृष्टी जे.भिसँग मिति २०७४/०२/३ (June 13th 2017) गते सम्झौता भई मिति २०७५/०२/३० सम्ममा सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा कार्य सम्पन्न नगरेपछि मिति २०७५/०८/३० गतेसम्म सम्पन्न गर्ने गरी छ महिना म्याद थप गरेको देखियो । यस अवधिमा समेत निर्माण कार्य सम्पन्न भएको पाइएन । उल्लिखित तथ्यमा कुनै विवाद देखिएन । म्याद थप भएको ६ महिना समय अवधि समाप्त हुन लाग्दासमेत भवनको माथिल्लो टाइबिम उठाउने कार्यबाहेक अन्य कार्य प्रगति नभएको भनी स्थानीय जनप्रतिनिधिसमेतलाई रोहबरमा राखी मुचुल्का गरेको देखिन्छ । सम्बन्धित प्राविधिकले समेत उल्लिखित बेहोरा खुलाई मिति २०७५।०९।११ गते प्रतिवेदन पेस गरेको देखियो । सम्झौताअनुसार समयावधि र पछि थप भएको ६ महिना अवधिमा समेत निर्माणाधीन भवनको टाइबिम उठाउने कार्यबाहेक अन्य काम नगरेको भन्ने आधारमा ठेक्का सम्झौता रद्द गरी मिति २०७५।१०।२९ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा पुनः बोलपत्रको सूचना प्रकाशित गरिएकोसमेत देखिने ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (२) (क) मा **"आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्य सम्पादन नगरेमा दफा ६२ को उपदफा (२) बमोजिम आचरण पालना नगरेमा वा पेस्कीको दुरूपयोग गरेमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्ने"**, कुरा उल्लेख भएको देखिन्छ । सोही ऐनको दफा ५९(७) मा **"सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम सुरू नगरेमा, काम सुरू गरी बिचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने छ"** भन्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ५९ (८) मा **"उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो कामबापत राखिएको पूरै जमानत जफत हुने छ । सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकीसरह असुलउपर गरिने छ"** भन्ने कानूनी व्यवस्थासमेत रहेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को १२८ को २ (घ) मा खरिद सम्झौता उल्लङ्घन गरेमा **"सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिमको काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने"** भन्नेसमेत उल्लेख भएको देखियो । उल्लिखित कानूनी प्रावधानका सन्दर्भमा हेर्दा विवादित सम्झौता रद्द गरी जमानत जफत गर्ने गरी पत्राचार गरेको विपक्षी प्रहरी कार्यालयको काम कारबाहीलाई गैरकानूनी भनी मान्न मिल्ने अवस्था देखिन नआउने ।

निवेदनको बेहोराबाट द्विपक्षीय सहमतिमा एम.के. श्रृष्टि जे.भी. र विपक्षी जिल्ला प्रहरी कार्यालय, धादिङबिच भवन निर्माणसम्बन्धी निर्माणका कार्यहरू गर्नको लागि

सम्झौता भएको देखिन्छ । यसलाई करारीय सम्झौता मान्नुपर्ने हुन्छ । करारीय विषयमा असाधारण क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्दैन। करारबाट सिर्जना भएको हक दायित्वको सम्बन्धमा उठेको विवादको निरूपण प्रचलित कानूनले तोकेको उपचार विधि अवलम्बन गर्नुपर्ने हुन्छ। प्रस्तुत विवाद करारीय सर्तको पालनासम्बन्धी विवाद देखिएकाले निवेदन दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने।

तसर्थ, उपर्युक्त आधार र कारणबाट प्रस्तुत निवेदनमा माग गरिएको विषयवस्तु करारीय प्रकृतिको देखिएको तथा सम्झौताबमोजिमको कार्य नगर्ने पक्ष (दोषी पक्ष) नै असाधारण क्षेत्राधिकारअन्तर्गत उपचारको दाबी गरी यस अदालतमा प्रवेश गरेको देखिएकाले रिट निवेदन माग दाबीअनुसारको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ओजा लामिछाने

इति संवत् २०७६ साल फागुन ५ गते रोज २ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७५-CR-१९६८, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. सुमित क्षेत्रीसमेत*

खानतलासी तथा बरामदी मुचुल्काबाट लु.१४ प ७६६१ नं. को स्कुटरमा सवार प्रतिवादीहरू सुमित क्षेत्र र अशोककुमार श्रेष्ठमध्ये सुमित क्षेत्रीको साथबाट ब्राउनसुगर ३ पुरिया फेला पारी तौल गर्दा २ ग्राम ३४० मिलिग्राम लागु औषध खैरो हिरोइन बरामद भएको देखियो । सो बरामद भएको लागु औषध दुवै जनाको मिलेमतोमा खरिद गरेको भन्ने देखिएको छ । प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा लु.१४ प ७६६१ नं. को स्कुटी लिई ब्राउन सुगर खान भनी भारत गएकोमा भारतको सुनौली बजारभन्दा केही अगाडि सो लागु औषध खरिद गर्न सुमित क्षेत्रीले रू. ६००।- र रू. १५००।- अशोककुमार श्रेष्ठको लगानीमा सेवन गर्ने उद्देश्यले ल्याएका हौं भनी प्रतिवादीहरूले बयान गरेको देखियो । अदालतमा बयान गर्दा लागु औषध खरिदको लागत रकम दुवैले रू.१२५०।- का दरले भुक्तान गरी खरिद गरेको र सोही दिन सेवन गर्नका लागि साथमा लिई आउँदै गर्दा प्रहरीले चेकजाँच गर्दा पक्राउ गरेको हो भनी उल्लेख गरेको पाइयो । प्रतिवादीहरूको साथबाट तथा घरबाट समेत बरामदित लागु औषधबाहेक अन्य कुनै चिजवस्तु बरामद भएको देखिँदैन । प्रतिवेदक प्र.स.नि. कामि गुरूङले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूलाई खरिद बिक्री तथा कारोबार गरेको अवस्थामा पक्राउ गरिएको होइन, चेकजाँचको क्रममा पक्राउ गरिएको हो भनी उल्लेख गरेको देखिने।

यस प्रकार प्रतिवादीहरू दुवैले केही सामान्य रकम लगानी गरी सेवन गर्नको लागि बरामद भई आएको लागु औषध किनेको भन्ने देखिएको छ। प्रतिवादीको घर खानतलासी लिँदा बिक्री वितरणसँग सम्बन्धित कुनै सामान बरामद भएको देखिएन । प्रतिवादीहरूले कोही कसैलाई बिक्री वितरण गर्न लगेको भन्ने पनि देखिँदैन। सेवन प्रायोजनका लागि थोरै परिमाणको लागु औषध खरिद गरी ल्याएको देखिँदा यसलाई व्यापारिक अर्थको खरिद बिक्री र ओसारपसारको कसुर ठहर गर्नु न्यायोचित नहुने।

अब लु.१४ प ७६६१ नं. को स्कुटर जफत नहुने गरी भएको फैसलाका सन्दर्भमा विचार गरी

प्रतिवादीहरूले सो सवारी साधन लागु औषध सेवन गर्ने प्रयोजनको लागिसम्म प्रयोग गरेको देखिन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ मा **"यस ऐनअन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागु औषध तथा त्यस्तो लागु औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरू जफत हुने छन् र त्यस्तो लागु औषध राखी ओसारपसार गर्न प्रयोग गरिएका रेल तथा हवाइजहाजबाहेक जुनसुकै सवारीसमेत जफत हुने छ । तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारी धनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेस गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिने छैन"** भनी उल्लेख भएको छ। उक्त कानूनी व्यवस्थाअनुसार व्यापारिक प्रकृतिको ओसारपसार गरेको भन्ने देखिनु आवश्यक हुन्छ । सेवनका लागि प्रयोगसम्म गरिएको सवारी साधन जफत गर्नु मनासिब हुँदैन । तसर्थ बरामद भएको स्कुटर जफत नहुने गरी भएको फैसलासमेत मनासिब देखिने।

तसर्थ, उल्लिखित आधार एवं कारणहरूबाट उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५/०८/२५ मा प्रतिवादीहरू सुमित क्षेत्री र अशोककुमार श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही रू. १०,०००।- (दश हजार रूपैयाँ) जरिवाना र एक वर्ष कैद हुने र बरामद भएको स्कुटर जफत नहुने गरी भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ओजा लामिछाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल फागुन ७ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-CR-१००८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. अङ्गतकुमार जोशी*

प्रतिवादी कृष्णमान बुढालाई कसुरदार ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलाउपर निजको पुनरावेदन परेको नदेखिँदा निजका हकमा विचार गरिरहन परेन । प्रतिवादीमध्येका अङ्गतकुमार जोशीलाई सफाइ दिई भएको फैसलाका सन्दर्भमा वादी पक्षबाट परेको पुनरावेदन सम्बन्धमा विचार गर्दा मिसिल संलग्न वैदेशिक रोजगारीको कागज प्रतिवादी कृष्णमान बुढाले गरिदिएको देखिन्छ । प्रतिवादी कृष्णमान बुढाले मिति २०६९।९।२ मा जाहेरवालासँग कागज गर्दा अङ्गतकुमार जोशीले मेरो माध्यमबाट रकम लिएको हो। निजले विदेश पठाउन नसकेको र रकम फिर्तासमेत नगरेको हुँदा सो रकम तीन महिनाभित्र फिर्ता नगरी आलटाल गरेमा म स्वयम् फिर्ता गर्ने छु भनी उल्लेख गरेको देखिन्छ। सोही कागजलाई आधार बनाई जाहेरी परी प्रस्तुत मुद्दा अगाडि बढेको र सो कागजबाहेक अन्य कागज पेस भएको मिसिलबाट देखिँदैन । सो कागज गर्दा प्रतिवादी अङ्गतकुमार जोशी रोहबरमा रहेको अवस्था छैन । प्रतिवादी कृष्णमान बुढाले अनुसन्धानको क्रममा र न्यायाधिकरणमा बयान गर्दा जाहेरवालाहरूबाट लिएको पैसा अङ्गतकुमार जोशीलाई दिएको भनी लेखाएकोमा सो पुष्टि हुने कुनै कागज प्रमाण मिसिल सामेल रहेको नदेखिने।

जाहेरी दरखास्तमा प्रतिवादी अङ्गतकुमार जोशीको नाम कहीँकतै उल्लेखसमेत नभएको र प्रतिवादी कृष्णमान बुढाको पोलको आधारमा मात्र

प्रतिवादी बनाएको देखिन्छ। प्रतिवादी अङ्गतकुमार जोशी प्रस्तुत कसुरमा संलग्न थिए भन्ने सम्बन्धमा पुष्टि हुने कुनै ठोस सबुद प्रमाण वादी पक्षबाट पेस भएको अवस्था छैन। सहप्रतिवादीले पोलेको बेहोरा उल्लेख गरी यी प्रतिवादीलाई सजाय हुनुपर्दछ भन्ने बेहोरासम्म अभियोगपत्रमा उल्लेख गरेको देखियो। अन्य कुनै भरपर्दो र विश्वसनीय प्रमाणबाट समर्थित नभएको सहप्रतिवादीको पोलको आधारमा मात्र शंकाको भरमा प्रतिवादी अङ्गतकुमार जोशीलाई कसुरदार ठहर गर्नु न्यायोचित नदेखिने।

अत: उल्लिखित आधार, प्रमाणबाट प्रतिवादी अङ्गतकुमार जोशीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७३।८।५ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ १३ गते रोज २ शुभम्।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७०-CI-०६३३, क्षतिपूर्ति तथा हर्जाना भराई पाऊँ, डा.शिवहरी श्रेष्ठ वि. राज एम.एस. एन्ड कम्पनी प्रा.लि., काठमाडौं*

राष्ट्रिय बिमा संस्थानको आ.व. ०५२।०५३ देखि आ.व.०५७।०५८ सम्मको लेखा अध्यावधि गर्ने, विद्यमान लेखा प्रणालीमा सुधार गर्ने तथा संस्थानका कर्मचारीलाई लेखासम्बन्धी तालिम दिनेलगायतका कार्य ८ महिना १५ दिन अर्थात् ०५९।९।३० सम्ममा सम्पन्न गर्ने गरी सेवा शुल्क रू.३५,००,०००/- (पैंतिस लाख) लिने दिने गरी राष्ट्रिय बिमा संस्थान र विपक्षी राज एम.एस. एन्ड कम्पनीका बिच मिति ०५८।६।१५ मा सम्झौता भएको देखिन्छ। राष्ट्रिय बिमा संस्थानको फिरादपत्र एवम् पुनरावेदनबाट सम्झौता पत्रमा उल्लिखित सुरू अवधिभित्र कार्य सम्पन्न नहुँदा मिति ०६०।७।३० सम्मको लागि सम्झौता अवधि थप गरेको पाइयो। फिराद गर्दा क्षतिपूर्ति एवम् हर्जानासमेत बुझाउन ल्याउनु भनी मिति ०६२।९।१८ मा विपक्षीलाई पत्र लेखी विपक्षीले पठाएको मिति ०६२।११।४ को पत्रको आधारमा हदम्याद देखाई फिराद गरेकोमा मिति २०६०।०७।३० मा करार सकिने समय भए पनि दुवै पक्षबाट करारको उल्लङ्घनको सम्बन्धमा मिति २०६३।०४।२२ सम्म कम्पनीको तर्फबाट अन्तिम (Official) पत्राचार (communication) भएको देखिँदा त्यसलाई (Cause of action) मान्नुपर्ने हुँदा करार ऐन, २०५६ को दफा ८९ (ग) बमोजिम २ वर्षको हदम्यादभित्रै फिराद दायर हुन आएको देखिने।

फिरादमा क्षतिपूर्ति र हर्जाना माग गरेकोमा आ.व. ०५२।०५३ देखि ०५७।०५८ सम्मको लेखा अद्यावधिक गरी काम सक्ने सम्झौता भएकोमा आ.व. ०५२।०५३ देखि ०५५।०५६ को काम सकिएको कुरालाई यी पुनरावेदकले स्वीकारेको अवस्थामा सम्पन्न भइसकेको कार्य र सम्पन्न हुन नसकेको कार्य स्पष्ट खुलाई सम्पन्न हुन बाँकी रहेको कार्यबापतको रकम स्पष्ट दाबी गर्न नसकेको अवस्थामा फिराद दाबी नै प्रस्ट नभएको र यी पुनरावेदकले सम्झौतामा तोकिएबमोजिम उपलब्ध गराउनुपर्ने सुविधा र कर्मचारीहरू समयमा उपलब्ध नगराएको, कम्प्युटर तथा कोठाहरू समयमा उपलब्ध नगराएको, लेखासम्बन्धी विवरणहरू कागजात एवम् जानकारीहरू, आवश्यक भौचर तथा माग गरिएको फाइलहरू समयमा उपलब्ध

नगराएको भन्ने प्रतिवादीको जिकिरलाई वादी पक्षबाट सप्रमाण खण्डन गर्न सकेकोसमेत नदेखिँदा प्रतिवादीबाट वादीलाई क्षतिपूर्ति र हर्जाना भराउन मिल्ने नदेखिने।

अत: विवेचित आधार, प्रमाणबाट हदम्यादभित्रको फिराद देखिए पनि दुवै पक्षले आ-आफूले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको कारण करारबमोजिमको कार्य सम्पन्न हुन नसकेको अवस्था देखियो। प्रतिवादीबाट सम्पन्न भइसकेको कार्य र सम्पन्न हुन बाँकी रहेको कार्यबापतको रकमसमेत स्पष्ट खुलाउन नसकेको अवस्थामा वादी दाबीबमोजिम रकम भराउन प्रतिवादीले गरेको कामको पनि मूल्याङ्कन गर्नुपर्ने हुँदा फिराद दाबीबमोजिमको रकम भराइदिन मिल्ने अवस्था देखिएन। प्रस्तुत फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति ०६८।०२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल मङ्सिर ६ गते रोज ६ शुभम्।

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७६-WO-०११८, उत्प्रेषण, सिल्पा पोखरेल ओझा वि. उच्च अदालत पाटनसमेत*

निवेदिका शिल्पा पोखरेलले काठमाडौं जिल्ला अदालतबाट अनुसन्धानको क्रममा पक्राउ पुर्जी जारी गर्न दिएको अनुमति र सो अनुमतिका आधारमा जारी भएको पक्राउ पुर्जीसमेत कानूनबमोजिम नभएको भनी उच्च अदालत पाटनमा निषेधाज्ञा मुद्दा (०७६-WO-००४६) को निवेदन दर्ता गराएकोमा उच्च अदालतबाट मागबमोजिम अन्तरिम आदेश जारी नहुने गरी आदेश भएको देखियो । उच्च अदालतको उक्त आदेशसमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदनको जिकिरसमेत रहेको देखिन्छ। निवेदिकाउपर जेठी श्रीमती हेमा ओझाले बहुविवाहको अभियोगमा सम्बन्धित इलाकाको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिएको देखिन्छ । सम्बन्धित प्रहरी कार्यालयबाट पनि कानूनबमोजिम पक्राउ पुर्जीको लागि अदालतको अनुमति लिई पक्राउ पुर्जी जारी गरेको र पक्राउ गरेको पाइयो । अधिकार नै नभएको निकायमा जाहेरी दर्ता भएको वा अनाधिकार निकायबाट पक्राउ पुर्जीको अनुमति दिइएको अवस्था पनि देखिँदैन । कुनै अभियोगमा जाहेरी दर्ता भएपछि सम्बन्धित निकायले कानूनबमोजिम अनुसन्धान गर्नुपर्ने नै हुन्छ। लागेको अभियोग पुष्टि हुने वा नहुने भन्ने कुरा अनुसन्धानबाट सङ्कलित प्रमाणका आधारमा सक्षम निकायले निर्क्योल गर्ने विषय हो। जाहेरी उजुरी दर्ता भई अनुसन्धान भएकै कारणले मात्र मौलिक हक, संवैधानिक हकसमेत हनन भएको भनी मान्न मिल्ने पनि नदेखिने।

निवेदिकाले जाहेरवाला हेमा ओझा लोग्ने छवि ओझासँग मिति २०५१।९।२५ मा आफ्नो अंश बुझिलिई छुट्टी भिन्न भई अलग बसेको अवस्थामा आफूले पछि छवि पोखरेलसँग मिति २०७३।३।२९ मा सामाजिक परम्पराअनुसार विवाह गरेको उल्लेख गरेको देखिन्छ। निवेदकउपर बहुविवाह मुद्दाको अनुसन्धान भई अभियोगपत्रसमेत काठमाडौं जिल्ला अदालतमा दायर भइसकेको छ भन्ने तथ्य छलफलको क्रममा प्रस्तुत हुन आएको र अभियोगपत्रको छायाँप्रति समेत पेस भएको देखियो । निवेदकले उठाएका समग्र कानूनी

प्रश्नहरूको निरूपण सोही बहुविवाह मुद्दा सुनुवाइका क्रममा नियमित न्यायिक प्रक्रियाबाट हुने नै देखिन्छ । नियमित न्यायिक प्रक्रियामा रहेको यस प्रकारको विवादको विषयमा अहिले रिट क्षेत्राधिकारबाट निरूपण गरिनु उचित नदेखिने ।

अतः निवेदिका शिल्पा पोखरेल ओझासमेत उपर बहुविवाहको अभियोग लगाई मिति २०७६।६।२८ मा काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर भइसकेको तथ्य छलफलका क्रममा उपस्थित विद्वान् सहन्यायाधिवक्ताबाट इजलाससमक्ष प्रस्तुत गर्दै अभियोगपत्रको छायाँप्रति समेत पेस हुन आएकोले अब सोही मुद्दाको सन्दर्भमा निवेदिकाले उठाएका कानूनी प्रश्नहरूको निरूपण हुन सक्ने अवस्था देखिएकाले निवेदकको मागबमोजिम आदेश जारी गर्नुपरेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः राजेन्द्रप्रसाद वाग्ले

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कार्तिक २६ गते रोज ३ शुभम् ।

इजलास नं.८

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७४-CI-०३८३, निषेधाज्ञा, प्रमोदप्रसाद गुप्ता वि. विनोदप्रसाद गुप्ता

तत्कालीन पुनरावेदन अदालत राजविराजबाट विवादित सा.कि.नं.१५५ को जग्गाको सम्बन्धमा आफ्नो सबुद प्रमाणसहित निवेदकको निवेदनसमेतलाई ध्यानमा राखी विवादित जग्गाको नाप नक्सासम्बन्धी कार्य कानूनबमोजिम गर्नु गराउनु भनी विपक्षी नापी कार्यालय र नापी टोलीको नाउँमा परमादेश जारी हुने ठहर्छ भनी फैसला भएको देखिन्छ । परमादेशको आदेशबाट एकाको स्वामित्वको जग्गा अर्काको गर्नु भनेको वा जग्गा नापजाँच सम्बन्धमा यो यस्तो प्रक्रियाको त्रुटि गरियो यस्तो प्रक्रिया अनुशरण गर्नु वा यस्तो प्रक्रिया अनुशरण नगर्नु भनी आदेश गरिएको अवस्था यो होइन । जग्गा नापजाँच सम्बन्धमा सोसम्बन्धी ऐन अर्थात् जग्गा नापजाँच ऐन, २०१९ ले अनुशरण गर्नुपर्ने प्रक्रिया अनुशरण गर्नु नै पर्ने हुन्छ । त्यसैले तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७३।०२।०२ को आदेशमा सबुद प्रमाण र निवेदकको जिकिरसमेतलाई हेरी कानूनबमोजिम निर्णय गर्नु भनिएको पाइँदा त्यसलाई अन्यथा लिनुपर्ने वा बोल्नुपर्ने हुँदैन । मिसिल हेर्दा पुनरावेदक विपक्षीले यस अदालतबाट तोकिपाएको मिति २०७५।१२।०५ को तारेख गुजारेकोसमेत देखिएको ।

अत: विवादित सा.कि.नं.१५५ को जग्गाको सम्बन्धमा आफ्नो सबुद प्रमाणसहित निवेदकको निवेदनसमेतलाई ध्यानमा राखी विवादित जग्गाको नाप नक्सासम्बन्धी कार्य कानूनबमोजिम गर्नु गराउनु भनी विपक्षी नापी कार्यालय र नापी टोलीको नाउँमा परमादेश जारी हुने ठहराई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।२।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम् ।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७४-CR-१३३५, जबरजस्ती करणी, गोविन्दप्रसाद सुवेदी वि. नेपाल

सरकार

पुनरावेदक प्रतिवादी गोविन्दप्रसाद सुवेदीले पीडित सङ्केत नाम दाङ ५६ लमही (७) आफ्नो प्रेमिका हो भनी भने तापनि पीडितले निज प्रतिवादीलाई वारदात मितिभन्दा अघि कहिल्यै नदेखेको र नचिनेको भनी मौकामा लेखाएको र निजको पहिलो बकपत्रबाट स्पष्ट हुन नसकेको कुरा बुझ्नको लागि सुरू अदालतबाट पीडितको थप बकपत्रको लागि आदेश भई पीडितको पुनः बकपत्र गरेको अवस्थामा पुनरावेदक प्रतिवादी गोविन्दप्रसाद सुवेदीलाई सनाखत गरेको पाइन्छ । यसरी पुनः बकपत्र गराउने भन्ने सुरू अदालतको आदेशलाई प्रतिवादीले चुनौती दिन सकेको छैन । **प्रमाण परीक्षणको सन्दर्भमा पक्षबाट आवश्यक कुरा खुलाउने अदालतको अन्तरनिहित अधिकारको विषय हो।** प्रस्तुत मुद्दामा सुरू दाङ देउखुरी जिल्ला अदालतले सोही अधिकारको प्रयोग गरी पीडित सङ्केत नाम दाङ ५६ लमही (७) को पुनः बकपत्र गराएको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक रोहिता बज्राचार्यले पीडितको शरीरमा परेको घाउ चोट उल्लेख गर्दै पीडितको योनिको वरिपरि रातो सुन्निएको अवस्थामा थियो, योनिको वरिपरि छुँदा दुख्थ्यो भनी सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । उल्लिखित पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा उक्त परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट पीडितउपर पीडा पुग्ने गरी जबरजस्ती करणी भएको पुष्टि भएबाट करणी नै नभएको भन्ने पुनरावेदक प्रतिवादीको अनुसन्धान तथा अदालतमा भएको बयान तथा पुनरावेदन जिकिर एवम् निजको तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिने अवस्था नदेखिँदा प्रतिवादी गोविन्दप्रसाद सुवेदीलाई अभियोग दाबीबमोजिम सजाय हुने ठहराएको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला सदर गरी भएको उच्च अदालत तुलसीपुरको फैसला मिलेकै देखिएको ।

अतः माथि विवेचित आधार, कारणहरूबाट पुनरावेदक प्रतिवादी गोविन्दप्रसाद सुवेदीले पीडित सङ्केत नाम दाङ ५६ लमही (७) लाई जबरजस्ती करणी गरेको तथ्य प्रतिवादीहरूको बयान बेहोरा, जाहेरवालाको जाहेरी दरखास्त तथा पीडितको मौका एवम् अदालतमा भएको बकपत्र साथै वारदातको तत्कालै भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट देखिएकोले निज प्रतिवादी गोविन्दप्रसाद सुवेदीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ बमोजिम ५ वर्ष ६ महिना कैद र ऐ. महलको १०(ग) नं. बमोजिम महिला तथा बालबालिका कार्यालय दाङबाट रू.१८,०००।- क्षतिपूर्तिबापत पीडितलाई भराइदिने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७३।२।१२ मा भएको फैसला सदर गरी मिति २०७४।२।९ मा भएको उच्च अदालत तुलसीपुरको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७७ साल साउन १९ गते रोज २ शुभम् ।

इजलास नं.९

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०६८-CR-०५०३, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रशुराम चौधरी*

प्रतिवादीबाट कुटपिट भएकोमा विवाद

नभएको उक्त कुटपिटको वारदातपश्चात् अरू कुनै कुटपिट भएको अवस्था नदेखिएको र यो वारदातबाहेक अन्य कुनै कारणबाट मृतकको भित्री अङ्ग फोक्सोमा चोट लाग्ने (Lungs Injury) अवस्था परिस्थिति कुनै सबुत प्रमाणबाट पुष्टि नभएको अवस्थामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १२ नं. र कुटपिटको महलको १३ नं. बमोजिम रू. २५०।– (दुई सय पचास) जरिवाना हुने भनी पुनरावेदन अदालत दिपायलबाट मिति २०६८।०२।३० मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ र ६(४) नं. बमोजिम निज प्रतिवादी प्रशुराम चौधरीलाई २(दुई) वर्ष कैद हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल मङ्सिर ८ गते रोज १ शुभम्।

इजलास नं.१०

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, ०७०-RB-००७२, आयकर (०६३/०६४), आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ बबरमहल वि. श्री एस.टि. फेब्रिक्स प्रा.लि. ज्ञानेश्वर

प्रस्तुत मुद्दामा समेत मिसिल संलग्न प्रमाण कागजातहरूबाट प्रत्यर्थी कम्पनीले दाबी गरेको खर्चहरूको बिल भरपाई पेस गरेको देखिन आएन। यसरी बिल भरपाई पेस नभएको अवस्थामा त्यस्तो रकमलाई कानूनबमोजिम खर्चको मान्यता दिन मिल्ने पनि देखिएन। बिल भरपाईबाट प्रमाणित हुन सक्ने खर्चको सम्बन्धमा प्रमाण स्वरूप बिल भरपाई नै पेस नगरेको र बोनस खर्च आम्दानीबाट कट्टा गर्न दाबी गरेको रकमको सम्बन्धमा समेत प्रत्यर्थी कम्पनीबाट बोनस वितरण गरेको भनी दाबी लिएको कुरालाई पुष्टि गर्ने कुनै भरपाई कागज, प्रमाण वा विश्वासयोग्य आधार पेस नभएको अवस्थामा त्यस्तो खर्चले मान्यता पाउन सक्ने देखिएन। यसरी यसै अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारमा बिल भरपाईबाट प्रमाणित हुनुपर्ने खर्चको प्रमाण पेस नभएको अवस्थामा सो खर्चलाई मान्यता दिई आयकर लाग्ने रकममा आयकर नलाग्ने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला मनासिब नदेखिने।

अतः माथि विवेचित तर्क, आधार, कारणहरू र प्रतिपादित नजिरको सिद्धान्तबाट आन्तरिक राजस्व विभाग, काठमाडौंको मिति २०६६।२।११ को निर्णयलाई उल्टी गर्ने गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।३।४ को फैसला उल्टी हुने।

इजलास अधिकृतः रामाकान्त यादव

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल जेठ २० गते रोज २ शुभम्।

इजलास नं.११

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७२-CR-०६८६, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. काइला भन्ने टेकबहादुर सुनार

प्रतिवादी टेकबहादुर सुनारको हकमा निजलाई लिइएको कसुरतर्फको अभियोग दाबी उल्लिखित ऐनको दफा ४(१)(क) को **जुनसुकै उद्देश्यले मानिस किन्ने वा बेच्ने (बेचबिखनको**

कसुर) र ऐजनको उपदफा (२)(क) को **किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने (ओसारपसारको कसुर)** सम्मको भएकोमा निजलाई अभियोग दाबीबमोजिम कसुर ठहर भई सो कसुरबापत ऐनले गर्न मिल्ने सजाय भएकै देखिन्छ। निज प्रतिवादी टेकबहादुरलाई दाबीको ऐनको दफा १५ को उपदफा (२) बमोजिम थप सजाय गर्नलाई पहिले निजले सो सजाय गर्नुपर्नेसम्मको कसुर गरेको ठहर्नुपर्दछ। फौजदारी कसुरमा अभियोग दाबी नै नभई कसुर ठहर्ने र कसुर ठहर नै नभई सजाय गर्न मिल्ने भन्ने हुँदैन। यी प्रतिवादी टेकबहादुर सुनारसमेत भई चौतारा एललाई भारतसम्म पुऱ्याई अर्का प्रतिवादी बजिरसिंहको जिम्मा सुम्पिई नेपाल फर्केको देखिँदा निजको कसुरजन्य कार्य मानिसलाई ओसारपसार गरी बेचेकोसम्ममा सीमित हुन पुगेको मान्नुपर्ने हुन्छ। अभियोजन पक्षले प्रतिवादी टेकबहादुरले यी चेलीहरूलाई किनबेच गरी निज आफैँले वेश्यावृत्तिमा पनि लगाएका हुन् भन्ने अतिरिक्त सजाय गर्नुपर्ने कसुरतर्फको कानूनी दाबी नै नलिई एकैपटक दफा १५ को उपदफा (२) को थप सजायको मागदाबी लिएको नमिलेको तथा बेचबिखनको कसुर गर्ने र वेश्यावृत्तिमा लगाउने दुवैथरी कसुर गर्ने यिनै हुन् भन्ने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्नसक्ने नहुने।

प्रतिवादीद्वय टेकबहादुर सुनार र दावा तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (२) अनुसार थप सजायसमेत हुनुपर्ने भन्ने अभियोगदाबी सम्बन्धमा मौन रहेको पुनरावेदन अदालतको फैसला मिलेन भन्ने अभियोजन पक्षको पुनरावेदन जिकिर भए तापनि अभियोग दाबी नै प्रतिवादीहरूलाई थप सजाय गर्नका लागि आवश्यक पर्ने कसुरतर्फ मौन रही केवल सजाय (थप) को दाबीमा सीमित रहेको, प्रतिवादीले दाबीको हदसम्मको कसुर गरेको ठहरी सोअनुसारको सजायसमेत भएको र अतिरिक्त सजाय गर्नका लागि सो गर्नुपर्ने हदसम्मको कसुर नै स्थापित हुन नसकेको अवस्थामा थप सजायतर्फ लिइएको दाबीमा मौन रहेकै कारणले मात्र पुनरावेदन तहबाट भएको प्रस्तुत फैसलामा तात्त्विक असर परेको नदेखिँदा *प्रतिवादी टेकबहादुर सुनारलाई आरोपित कसुरमा मतियार ठहर गरी घटी सजाय गरेको नमिलेको सुरू अदालतबाट भएको फैसलामा सो हदसम्म उल्टी भई निज प्रतिवादीद्वयलाई जनही अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र २ लाख जरिवाना हुने भई निज प्रतिवादीहरूबाट पीडितालाई रू.१५०,०००/-(एक लाख पचास हजार) क्षतिपूर्तिसमेत भराइदिने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१/०७/१८ मा भएको फैसला* मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल मङ्सिर १० गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CR-०८०८, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. टेकबहादुर सुनार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री सुष्मालता माथेमा, ०७२-CI-१३६८, घर जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, तिरथ कोहारसमेत वि. राज्यमतिदेवी कोहार

वादी राज्यमतिदेवी कोहार र नन्दु कोहार मिली विवादित कित्ता जग्गा राज्यमतिदेवी कोहारको भोगचलनमा रहेको देखाउने प्रयोजनका लागि गरिएको उक्त मिलापत्र बदर गरिपाउँ भनी यी पुनरावेदक प्रतिवादीहरूले सुरू कपिलवस्तु जिल्ला अदालतमा दायर गरेको मिलापत्र बदर मुद्दामा मिलापत्र बदर नहुने ठहरी मिति २०७१/०३/०२ गते फैसला भई सो मुद्दामा प्रतिवादीहरूको पुनरावेदनसमेत नपरी उक्त मुद्दा अन्तिम भई बसेको देखिन्छ। यसप्रकार उक्त मुद्दा अन्तिम भई बसेको, उक्त साबिकको मिलापत्र यथावत् रही विवादित वादी दाबीको न.नं. ४, ५ र ६ तथा न.नं. १४, १५ र १६ को घर जग्गा प्रत्यर्थी वादीले राजीनामाबाट प्राप्त गरेको तथ्य कायम भई सो घर जग्गामा प्रतिवादीको भोग देखिएबाट प्रतिवादीहरूले खिचोला गरेको पुष्टि हुन आएको छ। वादी दाबीबमोजिमको जग्गा प्रतिवादीहरूले खिचोला गरेको देखिँदादेखिँदै वादी दाबी नपुग्ने गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।०३।०२ गतेको फैसला वादी दाबीबमोजिमको कित्ता जग्गा खिचोला गरेको ठहऱ्याई उक्त कित्ता जग्गामा प्रतिवादीहरूको खिचोला मेटाई वादीलाई चलन चलाइदिनेसमेत ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला कानूनको रोहमा मिलेको देखिन आउने।

वादी दाबीबमोजिमको कित्ता जग्गामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।०३।०२ को फैसला उल्टी गरी वादी दाबीबमोजिमको कित्ता जग्गा प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई खिचोला ठहर भएको उक्त कित्ता जग्गामा प्रतिवादीहरूको खिचोला मेटाई वादीलाई चलन चलाइदिनेसमेत ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२/०७/१५ को फैसला प्रमाणको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ताराप्रसाद डाँगी

फैसला लेखनमा सहयोग गर्ने उपसचिवः धनसिंह गिरी

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७६ साल मङ्सिर ११ गते रोज ४ शुभम्।

इजलास नं.१२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-CR-१३९५, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. दिगम्बर शाहसमेत*

प्रतिवादीहरूले बरामदी लागु औषध बिक्री वितरण एवम् निकासी पैठारी गर्नका लागि नभई सेवन गर्नको लागि ल्याएको भनी स्वीकार गरेको र बरामद ३ ग्राम ८१० मिलिग्राम भएको लागु औषधको परिणाम, प्रतिवादीहरूको अवस्था स्थितिसमेतका परिस्थितिजन्य सबुत प्रमाणहरूको मूल्याङ्कन गरी हेर्दा यी प्रतिवादीहरू दिगम्बर शाह र हेमन्त धामीसमेत लागु औषधका बिक्री वितरण गर्ने व्यक्ति नभई सेवनकर्ता भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (छ) बमोजिमको कसुर गरेको देखिने।

प्रतिवादीहरूले बरामदी लागु औषध खैरो हिरोइन तीन ग्राम आठ सय दश मिलिग्राम खरिद

गरी बिक्री वितरण गर्नका लागि नभई सेवन गर्ने प्रयोजनको लागि ल्याएकोमा दुवै प्रतिवादीहरूको स्वीकारी बरामदी मुचुल्कालाई सनाखत गरी मौकामा र अदालतमा बयान गरेको देखिन्छ। प्रतिवादीहरूले लागु औषध बिक्री वितरण एवम् निकासी पैठारी गरेको वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नदेखिएबाट यी प्रतिवादीहरूले लागु औषध खैरो हिरोइनको बिक्री वितरण एवम् निकास पैठारी गरेको नभई सेवनको लागि खरिद गरी ल्याएको देखिँदा निज प्रतिवादीहरू दिगम्बर शाह र हेमन्त धामीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (छ) बमोजिमको कसुरमा सजाय गर्ने गरी र प्रतिवादीमध्येका हेमन्त धामी यसभन्दा पहिला पनि लागु औषध खैरो हिरोइन मुद्दामा सजाय पाइसकेको देखिँदा निजलाई ऐ.ऐनको दफा १६ बमोजिम थप सजायसमेत गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।३।३२ मा भएको फैसला मनासिब देखिने।

अत: उल्लिखित आधार र प्रमाणबाट प्रतिवादीहरू दिगम्बर शाह र हेमन्त धामीसमेत दुई जनाले लागु औषध खैरो हिरोइन तीन ग्राम आठ सय दश मिलिग्राम खरिद गरी सेवनको लागि ल्याएको भन्ने तथ्य प्रतिवादीहरूले मौकामा र अदालतसमक्ष गरेको बयानमा उल्लेख भएको र सोलाई बरामद लागु औषध खैरो हिरोइनको परिणामसमेतले सम्पुष्टि गरेको हुँदा प्रतिवादीमध्येका हेमन्त धामी यसभन्दा पहिला पनि लागु औषध खैरो हिरोइन मुद्दामा सजाय पाइसकेको देखिँदा अर्का प्रतिवादी दिगम्बर शाहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (छ) को कसुरमा सोही ऐनको दफा १४ को उपदफा १ को देहाय (ङ) अनुसार हुन सक्ने तजबिजी ६ (छ) महिना कैद सजायसम्म हुने र अर्का प्रतिवादी हेमन्त धामी यसअघिसमेत लागु औषध सेवनकर्ताको कसुरदार रहेको देखिएकोले निजलाई सोही ऐनको दफा १४ को उपदाफा १ को देहाय (ङ) अनुसार हुन सक्ने तजबिजी ९ (नौ) महिना कैद र जरिवाना रू.५,०००।- तथा सोही ऐनको दफा १६ अनुसार थप कैद १ वर्ष र जरिवाना रू.२०,०००।- समेत गरी जम्मा कैद १।९।० (एक वर्ष नौ महिना) र रू.२५,०००।- (पच्चिस हजार) जरिवानासमेतको दुवै सजाय हुने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।३।३२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम्।